
# लेखापरीक्षण प्रतिवेदन

# कालीमाटी गाउँपालिका, सल्यान

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# कालीमाटी गाउँपालिका, सल्यान

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
कर्णाली प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-४

च.न.:FAR/2080-81/LOC/4

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
कालिमाटी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,सल्यान।

## कैफियतसहितको राय

हामीले त्रिवेणी गाउँपालिका, सल्यानको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१.पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेस गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवदेन (म.ले.प.फा.नं २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ८ करोड ७९ लाख ६८ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२ लाख ४० हजार, आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु. ८ लाख ४० हजार, एकीकृत

स्वास्थ्य व्यवस्थापन कार्यक्रमको रु. २ लाख९८ हजार र कर्णाली प्रदेश योजना आयोगको रु. २ लाख ९९ हजार समेत गरी रु.८ करोड ९६ लाख ४५ हजार समावेश गरेको छैन।

२.पालिकाको रु. १ अर्व ५८ लाख १४ हजार लेखापरीक्षण गरिएकोमा रु. ८३ लाख ३९ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु. ५ लाख २२ हजारको प्रतिक्रियाबाट फस्र्यौट भई रु. ७८ लाख १७ हजार बेरुजु कायम भएको छ । बाँकी बेरुजुमध्ये असुल गर्नुपर्ने रू. ४ लाख ७९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २६ लाख ५७ हजार, नियमित गर्नुपर्ने रु. ४५ लाख ६ हजार र पेश्की बेरुजु रु. १ लाख ७५ हजार रहेको छ। गत वर्षसम्म रु. १२ करोड ५२ लाख ५८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१३ करोड ३० लाख ७५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३.पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७४ | ८६ | ८३,३९,०२० | ० | ४० | ५,२१,८६० | ० | ७४ | ४६ | ७८,१७,१६० | ४,७९,३६० | ४५,०५,६६५ | २६,५७,१३५ | ० | ० | ७१,६२,८०० | १,७५,००० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सल्यान | १२,५२,५८,००० | ० | ० | १२,५२,५८,००० | ० | ७८,१७,१६० | १३,३०,७५,१६० |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ५५ | वैठक भत्ता | २,६६,४७५ |
| २ | २०८०/८१ | ५८ | विधायन समिति | २२,९५० |
| ३ | २०८०/८१ | ५७ | योजना जाचँपास | १,५४,२७५ |
| ४ | २०८०/८१ | ५९ | भ्रमण खर्च | ११,४०० |
| ५ | २०८०/८१ | ५६ | पारिश्रमिक कर | ११,७६० |
| ६ | २०८०/८१ | ६५ | न्यायिक समिति | ६,८०० |
| ७ | २०८०/८१ | ५३ | दोहोरो यातयात सुविधा | ९,८०० |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८०/८१ | ५४ | अन्य खर्च | ३८,४०० |
| जम्मा | | | | ५,२१,८६० |

# (८०६६०५०२३०० - कालीमाटी गाउँपालिका, सल्यान )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** कार्यालय परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिका को स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्वेश्य रहेको छ । यस पालिका अर्न्तगत ७ वडा, ३७ सभा सदस्य ५००.७२ वर्ग किलोमिटर क्षेत्रफल तथा २३ हजार जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्वेश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०८।१६ देखि २०८१ ।०९।०६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको लेखापरीक्षण सम्पन्न गरिएको रकमको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.९,५९,४२२। असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | बढी भुक्तानी | २०००० |
| २ | दोहोरो यातायात सुविधा | २२६०० |
| ३ | पदाधिकारी सुविधा | ५१८९६ |
| ४ | बैठक भत्ता | ४६९२०१ |
| ५ | योजना जाँचपास | ३२२५७५ |
| ६ | विद्यायन समिति | ४५९०० |
| ७ | पदाधिकारी जिल्ला भ्रमण | ८५५० |
| ८ | न्यायिक समिति भत्ता | १८७०० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय संचित कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आय-व्यय हिसाबको आर्थिक वर्ष २०८०।८१ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

२.१ **वित्तीय प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छः

| प्राप्तिर भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | |
|---|---|---|
| २०८०/४/१देखी २०८१/३/३१ सम्म | | |
| **क्र.स.** | **विवरण** | **रकम** |
| १ | कर | ९,८५,६८,७०३.८१ |
| २ | अनुदान | २८,९३,४९,६६१.३९ |
| ३ | अन्यराजस्व | ४८,३०,९७५.९६ |
| ४ | विविधप्राप्ति | ७६,२४१.०० |
| क | **कुलजम्मा प्राप्ति** | ३९,२८,२५,५८२.१६ |
| १ | चालु | २९,५१,९०,८३७.२६ |
| १.१ | पारिश्रमिक / सुविधा | १७,१३,८०,९४०.०८ |
| १.२ | मालसामानतथा सेवाको उपयोग | १०,७५,५०,४६०.६३ |
| १.३ | अनुदान | ४,६०,०००.०० |
| १.४ | सामाजिकसुरक्षा | ४९,२३,०५०.०० |
| १.५ | अन्यखर्च | १,०८,७६,३८६.५५ |
| २ | पूंजीगत | ९,७३,०२,८८३.३३ |
| २.१ | भवनतथा संरचना | २,३८,४४,९७८.२५ |
| २.२ | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ४२,२६,२८९.६७ |
| २.३ | अन्यपूँजीगत खर्च | ३,९३,६३८.०० |
| २.४ | सार्वजनिकनिर्माण | ६,८८,३७,९७७.४१ |
| २.५ | पूँजीगतसुधार खर्च | ० |
| ख) | **कुलजम्मा भुक्तानी** | ३९,२४,९३,७२०.५९ |
| ग) | **बचत /कमी (ग = क-ख )** | ३,३१,८६१.५७ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | -५९,०५९.७० |
| घ.१) | **कट्टीरकम भुक्तानी/दाखिला गर्न बाकी** | |
| ङ) | **यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत/(कमी)) (ङ = ग+घ)** | २,७२,८०१.८७ |
| च) | **गतआ.व.को नगद तथा बैंक मौज्दात** | १,५३,३४,९३०.२० |
| छ) | **आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (छ=ङ+च)** | १,५६,०७,७३२.०७ |

**कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट निकासा प्राप्त**

| बजेटउपशिर्षक | कार्यक्रम | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|---|
| ३१४०१०१२३ | सामाजिकसुरक्षा तथा संरक्षण | ८८११३४४० | ८७९६८३९१ | ८७९६८३९१ |
| ३७०००११४३ | स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम | ५७०००० | २४०००० | २४०००० |
| **जम्मा** | | **८८६८३४४०** | **८८२०८३९१** | **८८२०८३९१** |

**प्रदेश लेखा इकाईबाट निकासा प्राप्त**

| बजेटउपशिर्षक | कार्यक्रम | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|---|
| ३१४०००११३ | आन्तरिकमामिला तथा कानून मन्त्रालय | ८६४००० | ८४०००० | ८४०००० |
| ३५००२९०२३ | एकीकृतस्वास्थ्य व्यवस्थापन कार्यक्रम | ३००००० | २९८८७८ | २९८८७८ |
| ३९१०००११३ | कर्णालीप्रदेश योजना आयोग | ३००००० | २९९५८१.७८ | २९९५८१.७८ |
| **जम्मा** | | **१४६४०००** | **१४३८४५९.७८** | **१४३८४५९.७८** |

२.२ **वित्तीय विवरणको यथार्थता** : पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ८,७९,६८,३९१/-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२,४०,०००/-, आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु. ८,४०,०००/-, एकीकृत स्वास्थ्य व्यवस्थापन कार्यक्रमको रु. २,९८,८७८/- र कर्णाली प्रदेश योजना आयोगको रु. २,९९,५८१/- समेत गरी रु.८,९६,४६,८५०/- सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाव** : यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको मौज्दात रु. १,९७,३११/२८, यस वर्षको प्राप्ति रु. ९,४९,९९,०२३/२३, यस वर्षको भुक्तानी रु. ९,५२,१५,३०८/५८ र बाँकी मौज्दात रु.४०,०८५/७६ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति (आय) | यसवर्षको भुक्तानी (व्यय) | बाँकी मौज्दात |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | १५५३२२४१.४८ | ४८७८२४६०५.५२ | ४८७७०९०२९.१७ | १५६४७८१७.८३ |
| सुत्र अनुसारको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | १५३३४९३०.२ | ३९२८२५५८२.१६ | ३९२४९३७२०.५९ | १५६०७७३२.०७ |
| **फरक** | **१९७३११.२८** | **९४९९९०२३.३६** | **९५२१५३०८.५८** | **४००८५.७६** |

२.४ **बैङ्क हिसाव विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाको वित्तीय विवरण अनुसार श्रेस्ता र बैङ्क मौज्दात विवरण देहाय अनुसार रहेको छ ।श्रेस्ता र बैंक मौन्दात बिच फरक परेको रकम रु. ४०,०८५/७६ का सम्बन्धमा हिसाब मिलान हुनु पर्दछ ।

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसारको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| आन्तरिक राजस्व खाता (ग १-१) | | | |
| स्थानीय तह बिभाज्य कोष (ग ६-१) | | | |
| चालू खर्च खाता- विजोर वर्ष (ग २-१) | | | |
| पुँजीगत खर्च खाता- विजोर वर्ष (ग २-३) | | | |
| स्थानीय तह सञ्चित कोष खाता (ग ४-१) | ११२४४१५४.४ | ११२८४२४०.१६ | ४००८५.७६ |
| स्थानीय तह धरौटी खाता (ग ३-१) | ४१६७६७९.७७ | ४१६७६८० | ०. |
| विविध खर्च खाता (ग२-७) | १८६४२६.४ | १८६४२६.४ | ०. |
| स्थानीय तह विविध कोष खाता (५-१) | | | ०. |
| प्रकोप व्यवस्थापन कोष खाता (ग ७-२) | ९४७१.५ | ९४७१.५ | ०. |
| **जम्मा** | **१५६०७७३२.०७** | **१५६४७८१७.८३** | **४००८५.७६** |

२.५ **शसर्त अनुदान फिर्ता :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय तथा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार संघिय सशर्त अनुदान तर्फ रु. १,३५,०६,०७०/२८ र प्रदेश सशर्त अनुदान तर्फ रु. ६१,२७६/३३ समेत रु. १,३५,६७,३४६/६१ खर्च नभई बाँकी रहेकोमा पालिकाले २०८१/३/३१ मा फिर्ता गरेको देखिन्छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | खर्च नभई बाँकी | फिर्ता रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त चालु | १७४५४७२५०. | १६१२७००९५.२८ | १३२७७१५४.७२ | |
| | शसर्त पुँजीगत | ५८५००००. | ५६२१०८४.४४ | २२८९१५.५६ | |
| | विषेश | ३६९६४९८. | ३६९६४९८. | | |
| | समपुरक | ३७८५६०१. | ३७८५६०१ | | |
| **जम्मा** | | **१८७८७९३४९.** | **१७४३७३२७८.७२** | **१३५०६०७०.२८** | **१३५१३०२७.२१** |
| प्रदेश सरकार | शसर्त चालु | ८६५९४७५. | ८६५९४७५ | | |
| | शसर्त पुँजीगत | ९९७५१८४. | ९९१३९०८ | ६१२७६.३३ | |
| | विषेश | | | | |
| | समपुरक | | | | |
| **जम्मा** | | **१८६३४६५९.** | **१८५७३३८२.६७** | **६१२७६.३३** | **६१२७६.३३** |
| **कुल जम्मा** | | **२०६५१४००८.** | **१९२९४६६६१.३९** | **१३५६७३४६.६१** | **१३५७४३०३.५४** |

२.६ **बजेट पेश पारित र अख्तियारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका

प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्ष मिति २०८०/३/१० मा रु. ४३ करोड ९६ लाख १६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०/३/१० मा पारित भएको छ । यसैगरी पालिकाका प्रमुखले मिति २०८०/७४/७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।ऐनले तोकेको समय भित्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरी बजेट कार्यान्वयन गरिनु पर्दछ ।

२.७ **खर्च बिश्लेषणः** गाउँपालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. ७२,९२,४१९/०२ राजस्व बाँडफाँटबाट रु.९,६१,४३,२१९/७५ र अनुदानबाट रु.३०,२९,१७,००८/- समेत रु.४०,६३,५२,६४६/७७ आम्दानी भएकोमा गत वर्षको मौज्दात समेतबाट चालु तर्फ रु.२९५११९०८३७/- र पूँजिगत तर्फ रु.९७३०२८८३/३३ समेत रु.३९,२४,९३,७२०/३३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.८५ प्रतिशत मात्र रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू.७० लाख ८९ हजार खर्च भएको छ जुन आन्तरिक आयको ९७.२१ प्रतिशत रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ७५.२१ प्रतिशत चालु र २४.७९ प्रतिशत पूँजिगत खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ३ योजना तथा वजेट कार्यान्वयन

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु. ९ करोड ७३ लाख ३ हजार भएकोमा प्रथम त्रैमासिकमा रु. ३८ लाख १९ हजार, दोश्रो त्रैमासिकमा रु. २८ लाख १२ हजार, तेश्रो त्रैमासिकमा रु. १ करोड ४१ लाख १४ हजार र चौथो त्रैमासिकमा रु. ७ करोड ६५ लाख ५८ हजार खर्च गरेको छ । उक्त खर्च मध्ये असार महिनामा मात्रै रु. ४ करोड १६ लाख ८१ हजार खर्च भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ ।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको खरिद कार्य गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु. ९ करोड ७३ लाख ३ हजारको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. ७ करोड ४४ लाख ३२ हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा १०.८५ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

## ४ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागी क्षेत्रगतरुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्यक्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च (प्रतिशतमा) |
|---|---|---|---|
| आर्थिक विकास | ३५६५४००० | २३८०१८९६.४६ | ६६.७६ |
| सामाजिक विकास | १०६७१००० | ९८६९०१६.६३ | ९२.४८ |
| पूर्वाधार विकास | ६५१७२००० | ५४३६३३७८.६१ | ८३.४२ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ५७५४००० | ५७३६२३१.९६ | ९९.६९ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ६०४५००० | ३५३२३५९.६७ | ५८.४३ |
| **जम्मा** | **१२३२९६०००.००** | **९७३०२८८३.३३** | **७८.९१** |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये ७८.९१ प्रतिशत खर्च भएको छ । क्षेत्रगतरुपमा हेर्दा आर्थिक विकास र कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र बाहेक अन्य क्षेत्रमा बजेट खर्च समानरुपमा भएको देखिन्छ ।

## ५ योजनाको प्राथमिकीरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी, दीगो विकास र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार कुल २०७ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका | रु.५ लाख देखि २० लाख सम्म | रु.५लाख भन्दा कम |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ८७ | ५ | ४८ | ३४ |
| २ | वडास्तरीय | १२० | ५ | १७ | ९८ |
| **जम्मा** | | **२०७** | **१०** | **६५** | **१३२** |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिको खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

## ६ चौमासिक प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने र आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने, स्थानीय सञ्चित कोषमा भएको आय–व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था बमोजिम प्रतिवेदन गरेको देखिएन । ऐनको व्यवस्थाको पालना हुनुपर्दछ ।

## ७ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था छ । पालिकाले ऐनमा भएको व्यवस्था अनुसार समिति गठन गरेको छैन । समिति गठन नगरिँदा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## ८ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्थानीयतहमा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी कार्य समयमा गरेको छैन । अत: बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## ९ सार्वजनिक सम्पत्तिको रेखदेख

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ ।

## १० स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

## ११ सवारी साधन र मेशिनरीको मर्मत अभिलेख

सवारी साधन र मेशिनरी औजारको अभिलेखका लागि मलेप फारामको व्यवस्था छ । म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक अद्यावधिक गर्नु पर्ने र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अध्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले यस्ता अभिलेख अध्यावधिक गरी राखेको छैन । म .ले.प फारमले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्वति लागु गर्नु पर्दछ ।

## १२ सम्पत्ति व्यवस्थापन र सुरक्षा

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पति तथा जिन्सी मालसामान अवस्थाको बारेमा वर्षमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ। यस्तो प्रतिवेदनमा मर्मत सम्भार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण तयार गरी प्रतिवेदन गर्नुपर्दछ । पालिकाले मर्मत संभार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको छुट्टै विवरण संलग्न गरी प्रतिवेदन तयार गरेको छैन। यसमा सुधार हुनु पर्दछ ।

## १३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेकोमा प्रभावकारीरुपमा लागू भएको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम

रहेका छन:

• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता वापत रु. ३५ लाख ६५ हजार खर्च गरेको छ ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय/व्यय अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन, २०४९ बमोजिम यस पालिकाकामा कार्यरत जना २५ कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा गाउँपालिकाको आन्तरिक लेखापरीक्षण गराएको देखिएन।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु लागत सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु. ३३ लाख ८२ हजार खर्च लेखेकोमा तोकिएको ढाँचामा अनुगमन प्रतिवेदन पेश गर्ने गरेको छैन साथै भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविध खर्च शीर्षकमा रू. ३० लाख ३२ हजार खर्च गरेको छ । पालिको आन्तरिक आम्दानी जम्मा रु. ७२ लाख ९२ हजार रहेकोमा उक्त आम्दानीको ४१.५८ प्रतिशत विविध शीर्षकमा खर्च भएको देखिन्छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**१४ फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

**१५ कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ।पालिकाले यो वर्ष कर्मचारी कल्याण कोषमा कुनै रकम जम्मा गरेको देखिँदैन । ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

**१६ ऐनको कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(७) मा गाउँपालिकाले गाउँसभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७८ (५) मा गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक

परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ।यस गाउँपालिकाले कतिपय कार्यक्रम गाउँसभाबाट स्वीकृत भन्दा गाउँकार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो।गाउँपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन।यसबाट गाउँसभाबाट स्वीकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन। गाउँपालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ।

## १७ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा स्थानीयतहमा एक न्यायिक समिति गठन हुने व्यवस्था छ । त्यस्तै दफा ५३ मा त्यसरी गठन भएको न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार न्यायिक समितिमा गत वर्ष बाँकी रहेका र यस वर्ष दर्ता भएका गरी जम्मा वटा उजुरी मुद्दा दर्ता भएकोमा वटा उजुरी फर्छयौट भई वटा बाँकी रहेको देखिन्छ । त्यस्तै नियम ५३ बमोजिमको न्यायीक समितिले बार्षिक प्रतिवेदन सभा समक्ष पेश गरेको छैन । अत: ऐनमा भएको व्यवस्थाको पूर्ण पालना हुनुपर्दछ ।

## १८ कानून निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । पालिकाले हालसम्म ऐन १६, निर्देशिका ५ , कार्यविधि ३४ गरी जम्मा ५५ वटा कानून निर्माण गरेको विवरण प्राप्त भएको छ । स्थानीय सरकार सञ्चालन ऐनको परिधिभित्र रही पालिकाले कानुन कार्यान्वयन गर्नु पर्दछ ।

## १९ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रशासन, शिक्षा, स्वास्थ्य, प्राविधिक, कृषि, आन्तरिक लेखापरीक्षण लगाएतका सेवामा अधिकृत र सहायक स्तरका गरी ३७ दरबन्दी स्वीकृत रहेकोमा २५ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा, प्रशासन र कृषि सेवा तर्फका गरी १२ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरू यथाशक्य पदपूर्ति हुन बाँकि पदमा छिटो पूर्ति गरी तथा फाजिलमा रहेकोलाई सम्बन्धित मन्त्रालयसँग समन्वय गरी जनशक्ति व्यवस्थापनलाई प्रभावकारी बनाई सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

| क्र.स | स्वीकृत पद | संख्या | पदपूर्ति(आषाढ मसान्तको स्थिति) | | | | रिक्त पद |
|---|---|---|---|---|---|---|---|
| | | | संघबाट समायोजन भई आएको | साविक स्थानीयमा कार्यरत | आन्तरिक पदपूर्ति | करारबाट | |
| १ | प्र.प्र.अ. | १ | १ | | | | |
| २ | ईन्जिनियर | १ | | | | १ | |
| ३ | अधिकृत (शिक्षा) | १ | १ | | | | |
| ४ | अधिकृत (लेखा) | १ | | | | | १ |
| ५ | अधिकृत (प्रशासन) | २ | २ | | | | |
| ६ | आ.ले.प. | १ | | | १ | | |
| ७ | सहायक पाँचौ (प्रशासन) | ४ | | | २ | | २ |
| ८ | कम्प्यूटर अपरेटर (पाँचौ) | १ | | | १ | | |
| ९ | लेखा सहायक (पाँचौ) | १ | १ | | | | |
| १० | प्रा.स. (शिक्षा) | १ | १ | | | | |
| ११ | हे.अ. (स्वास्थ्य) | १ | १ | | | | |
| १२ | सब-ईन्जिनियर (पाँचौ) | ४ | १ | | ३ | | |
| १३ | अ.सब-ईन्जिनियर | ५ | १ | १ | २ | १ | |
| १४ | स.म.वि.नि. (चौथो) | १ | | | | | |
| १५ | खा.पा.स.टे. | १ | | | | | |
| १६ | नेपाल कृषि सेवा (७/८) | १ | १ | | | | १ |
| १७ | नेपाल कृषि सेवा (सहायक पाँचौ) | १ | | | | | २ |
| १८ | नेपाल कृषि सेवा (सहायक चौथो) | १ | १ | | | | |
| १९ | नेपाल कृषि सेवा भेट.(८/९) | १ | | | | | १ |
| २० | नेपाल कृषि सेवा भेट.(सहायक पाँचौ) | २ | १ | | | | १ |
| २१ | नेपाल कृषि सेवा लापो एण्ड डे.डे.(पाँचौ) | १ | | | | | १ |
| २२ | नेपाल कृषि सेवा भेट.(सहायक चौथो) | २ | १ | | | | १ |
| २३ | नेपाल कृषि सेवा लापो एण्ड डेडे(सहायकचौथो) | २ | | | | | २ |
| **जम्मा** | | **३७** | **१३** | **१** | **९** | **२** | **१२** |

२० **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन, २०४९ को दफा ७ (२ ख) मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने व्यवस्था छ ।पालिकामा कार्यरत कर्मचारीहरुको रु.१,८८,२८,३७४.५५ स्वास्थ्य तर्फको रु.१,४२,२८,२१७.९५ गरी रु.३,३०,५६,५९२।५० तलव खर्च लेखेकोमा तलव प्रतिवेदन पारित गरेको छैन । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन

सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२१ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन ।पालिकाले बिभिन्न पदमा शसर्त अनुदानमा १३ जना र पालिकाबाट पारिश्रमिक भुक्तानी हुने गरी ३० समेत जम्मा ४३ जना करारमा कर्मचारी नियुक्त गरी रु. १ करोड ४८ लाख ९४ हजार खर्च लेखेको छ । माथी उल्लेखित पदहरूमा बाहेक ईन्जिनयर, अ. सब इन्जिनियर, प्रशासन सहायक, सहायक कम्प्युटर अपरेटर, इलेक्ट्रीसियन, सर्भेक्षक र अमिन पदमा ९ जना कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.३८,२६,८७०/- भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरित करारमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | पद | कर्मचारी संख्या | यस वर्षको खर्च | कैफियत |
|---|---|---|---|---|
| १ | इन्जिनियर | १ | ५२९८७० | पालिका |
| २ | अ. सव-इन्जिनियर | २ | ८०५८६० | पालिका |
| ३ | सहायक चौथो प्रशासन | २ | ८०५८६० | पालिका |
| ४ | सहायक कम्प्युटर अपरेटर | १ | ४०७९३० | पालिका |
| ५ | इलेक्ट्रिसियन प्राविधि चौथो | १ | ४०७९३० | पालिका |
| ६ | सर्भेक्षक | १ | ४६१४९० | पालिका |
| ७ | अमिन | १ | ४०७९३० | पालिका |
| **जम्मा** | | ९ | **३८२६८७०** | |
| १ | सूचना प्रविधि अधिकृत | १ | ५२९८७० | शसर्त अनुदान |
| २ | कृषि स्नातक | १ | ५७७९५७ | शसर्त अनुदान |
| ३ | रोजगार संयोजक | १ | ५७७९५७ | शसर्तअनुदान |
| ४ | रोजगार प्राविधिक सहायक | १ | ४६१४९० | शसर्तअनुदान |
| ५ | रोजगार सहायक | १ | ४६१४९० | शसर्तअनुदान |
| ६ | बरिष्ठ उद्यम विकास सहजकर्ता | १ | ४६१४९० | शसर्तअनुदान |
| ७ | उद्यम विकास सहजकर्ता | १ | ४३७७२६ | शसर्तअनुदान |
| ८ | एम.आई.एस अपरेटर | १ | ४६१४९० | शसर्तअनुदान |
| ९ | फिल्ड सहायक पञ्जिकरण | २ | ८६५४५२ | शसर्तअनुदान |
| १० | एक गाउँ एक प्राविधिक कृषि चौथो तह | २ | ८३५६३० | शसर्तअनुदान |
| ११ | पशु सेवा प्राविधिक एक गाउँ एक प्राविधिक | १ | ४२२८१५ | शसर्तअनुदान |
| **जम्मा** | | **१३** | **६०९३३६७** | |
| **कुल जम्मा** | | २२ | ९९२३२३७ | |

| | |
|---|---|
| अनियमित भएको | ३८,२६,८७० |

## २२ पदाधिकारी सुविधा

नेपालको संविधानको धारा २२७ मा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन,२०७७ जारी गरेको छ ।उक्त ऐनमा भएको ब्यवस्था अनुसार यस पालिकाबाट आ.व. २०८०/८१ मा रु. ७० लाख ८९ हजार सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष. ७ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य २४ जना | जम्मा ३९ जना |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | ४५००० | ४५००० | ६३०००० | ९०००० | १०८०००० | १८९०००० |
| २ | यातायात खर्च | १४४००० | ७२००० | १६८००० | ० | ० | ३८४००० |
| ३ | टेलिफोन,मोबाइल | ३६००० | १८००० | २५२००० | ७२००० | २८८००० | ६६६००० |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ३६००० | १८००० | २५२००० | ७२००० | १४४००० | ५२२००० |
| ५ | समन्वय तथा सहजीकरण | १८०००० | ७२००० | ६७२००० | ३९६००० | ५७६००० | १८९६००० |
| ६ | अतिथि सत्कार | ६०००० | २४००० | ३३६००० | ७२००० | २८८००० | ७८०००० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ४८००० | १८००० | ८४००० | ७२००० | १४४००० | ३६६००० |
| ८ | चाडपर्व खर्च | १५००० | १५००० | १०५००० | ९०००० | ३६०००० | ५८५००० |
| **जम्मा** | | **५६४०००** | **२८२०००** | **२४९९०००** | **८६४०००** | **२८८००००** | **७०८९०००** |

## २३ खरिद व्यव्स्थापन

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ ले बार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ।यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.९ करोड ७३ लाख ३ हजार पूँजीगत खर्च गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

## २४ कर तथा शुल्क असुली

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यी आय शीर्षकमा आय अनुमान र असुली स्थितिको विवरण प्राप्त गर्न सकिएन । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

## २५ आयको अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ बिभिन्न शीर्षकमा अनुमानित रु. ६७ लाख ९ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा रु. ७३ लाख १३ हजार (१०९ प्रतिशत) प्राप्त गरेको छ ।

आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ ध्यान दिन आवश्यक देखिएको छ ।

| क्र.सं. | प्राप्तिको श्रोत | वार्षिक अनुमान | असुली | असुली % |
|---|---|---|---|---|
| १ | सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | २००००० | ० | ० |
| २ | सम्पती कर | ५०००० | १३७०४०.७६ | २७४.१ |
| ३ | भुमिकर/मालपोत | १५००००० | १५६७२०१.२४ | १०४.५ |
| ४ | वहाल कर | १००००० | ४२०९५७.५ | ४२१ |
| ५ | वहाल विटौरी कर | ० | ९७८५४६.५३ | १०० |
| ६ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ४००००० | ० | ० |
| ७ | अन्य कर | १५००००० | ७१२१५८ | ४७.४८ |
| ८ | अन्य स्रोतबाट प्राप्त रोयल्टी | ० | ९०००० | १०० |
| ९ | अन्य बिक्रीबाट प्राप्त रकम | ० | २६२३९.३३ | १०० |
| १० | विद्युत सेवा शुल्क | ० | २२५० | १०० |
| ११ | अन्य सेवा शुल्क तथा बिक्री | ० | २० | १०० |
| १२ | न्यायिक दस्तूर | ५०००० | १६१० | ३.२२ |
| १३ | शिक्षा क्षेत्रको आम्दानी | १००००० | ३१०० | ३.१ |
| १४ | परीक्षा शुल्क | ० | २६७०० | १०० |
| १५ | यातायात क्षेत्रको आम्दानी | ० | २०५००० | १०० |
| १६ | अन्य प्रशासनिक सेवा शुल्क | २००००० | २८२०० | १४.१ |
| १७ | नक्सापास दस्तुर | १००००० | २००७३.४४ | २०.०७ |
| १८ | सिफारिश दस्तुर | ५००००० | ८४४९५२.५५ | १६९ |
| १९ | व्यक्तिगत घटना दर्ता दस्तुर | ३००००० | २१२३५० | ७०.७८ |
| २० | नाता प्रमाणित दस्तुर | २००००० | ११६४२० | ५८.२१ |
| २१ | अन्य दस्तुर | ४५९०३७ | ३२९१८३.०२ | ७१.७१ |
| २२ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | २००००० | २३०५० | ११.५३ |
| २३ | विद्युत सम्बन्धी दस्तुर | ० | २२००० | १०० |
| २४ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ० | २८७०० | १०० |
| २५ | अन्य क्षेत्रको आय | ० | ८०० | १०० |
| २६ | न्यायिक दण्ड, जरिवाना र जफत | ५०००० | ५०० | १ |
| २७ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १००००० | २८००० | २८ |
| २८ | अन्य राजस्व | ० | १३७०२६६.१ | १०० |
| २९ | व्यवसाय कर | २००००० | ४१५५० | २०.७८ |
| ३० | बेरूजू | ५००००० | ७६२४१ | १५.२५ |
| | | | | |

| जम्मा | ६७०९०३७ | ७३१३१०९.४७ | १०९ |
|---|---|---|---|

२६ **नवीकरण शुल्क**

पालिकाको घ वर्गको निर्माण इजाजत पत्र प्रदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा प्रत्येक आर्थिक वर्षको इजाजत पत्र अवधि मान्य रहने र अवधि समाप्त भएको तीन महिना भित्र संघ प्रदेश र स्थानीय तहलाई तिर्नु पर्ने कर तिरी सकेको कर चुक्ता प्रमाण पत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित अनुसूची-२ अनुसारको दस्तुर तिरी नवीकरण गरी पास वुक विवरण अद्यावधिक गर्नु पर्ने व्यवस्था छ । पालिकामा इजाजत पत्र लिएका तोकिएको भन्दा ढिला गरी नवीकरण गर्ने निर्माण व्यवसायीलाई थप नवीकरण दस्तुर लिएको पाइएन ।कार्यविधि अनुसार तोकिएको अवधि भित्र नवीकरण नगरीएका निर्मण इजाजत पत्रको विवरण अद्यावधिक राखी उक्त समय पछी नविकरण गर्दा थप नवीकरण दस्तुर लिएर मात्र नविकरण गर्ने व्यवस्था गर्नु पर्दछ ।

२७ **प्राकृतिक श्रोत विक्रि**

कर्णाली प्रदेश नदी तथा खानीजन्य स्रोत उत्खनन, सङ्कलन तथा बिक्री वितरणलाई व्यवस्थित गर्ने कार्यविधि, २०७९ को बुँदा ३ बमोजिम कार्ययोजना तयार गर्नुपर्ने, बुँदा ४ बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने बुँदा ५ मा नदी तथा खानीयोग्य स्रोतको उत्खनन र सकंलन गर्दा अपनाउनु पर्ने विधि तथा बुँदा ७ मा घाटगद्दी गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यविधिको पालना गरी नदी तथा खानीजन्य स्रोत उत्खनन, सङ्कलन तथा बिक्री वितरणलाई व्यवस्थित गर्नुपर्नेमा पालिकाको कार्यक्षत्र भित्र ढुंगा गिट्टी उत्खनन तथा बिक्रि वितरण गरेको तथा नदी तथा खानीजन्य सामग्री प्रयोग गरी व्यक्तिगत तथा सरकारी संरचनाहरु निर्माणभै रहेको देखिए पनि विक्रि वितरणको लागि उचित व्यवस्थापन नगरेकोले प्राकृतिक श्रोतवाट आय प्राप्त गरेको छैन । यस तर्फ पालिकाको ध्यान जानु जरुरी छ ।

२८ **बेरुजु लगत**

बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये पालिकासँग सम्बन्धित म. ले. प. फाराम ८०१ बेरुजु लगत र म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेको पाइएन । यसमा सुधार हुनु पर्दछ ।

२९ **म.ले.प. फारमहरूको प्रयोग**

साविकमा रहेका म.ले.प. फारमहरूको सट्टा नयाँ म.ले.प. नम्बरहरू २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरू जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख, सवारी साधन तथा मेशिन प्रयोगको लगबुक, रसिद नियन्त्रण खाता, भ्रमण प्रतिवेदन आंशिक रुपमा प्रयोग गरेको देखियो । कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ ।

३० **भ्रमण खर्च**

कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्चबापत यस वर्ष रु. ३३ लाख ८२ हजार खर्च गरेको देखिन्छ । भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन् ।

• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन नखुलाएको हुँदा कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

• नियमावलीको नियम २१ बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसुचि-६ बमोजिम म.ले.प. फारम नम्बर ९०८ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्नेमा राखेको छैन ।जसले गर्दा पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

• कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित खर्च भुक्तानी गर्ने गरेको ।

• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा

दुरुपयोग हुने सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

३१ **सवारी साधन मर्मत संभार**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९६(१) मा मालसामान मर्मत गर्नुपर्ने भएमा सोको लागत अनुमान स्वीकृत गराउनु पर्ने र नियम ९६(३) मा पाँच हजार माथिका पार्टपूर्जा फेर्नु पर्ने भएमा सोको जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले सवारी साधन मर्मतमा रु.४४,६२,१५०/- खर्च लेखेकोमा मर्मत कार्यको मर्मत आदेश, लागत अनुमान तयार गरी स्वीकृत गरेको छैन । फेरीएको पार्टपुर्जाको जिन्सी दाखिला तथा सार्वजनिक जिन्सी व्यवस्थापन प्रणालीमा प्रविष्टि गरेको छैन । नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार नभएको तथा फेरीएका पार्टपुर्जाको जिन्सी दाखिलासमेत नगरेकोले खर्चको वास्तविकता यकिन गर्न सकिएन ।

३२ **सवारी साधन भाडा**

सार्वजनिक खर्चलाई मित्व्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड,२०७८ ले सरकारी श्रोतको मितव्ययी,प्रभावकारी उपयोग र परिचालनबारे व्यवस्था गरेको छ । जिल्ला दररेट निर्धारण समिति, सल्यानले आर्थिक वर्ष २०८०/८१ को लागि निर्धारण गरेको दररेट अनुसार बोलेरो ४ व्हील डबल क्याप पिकअप भाडा (इन्धन र चालक समेत) प्रतिदिन रु.६,५००/- निर्धारण गरेको छ । पालिकाले जिल्ला दररेट समितिले निर्धारण गरेको दरमा भुक्तानी नगरी दैनिक रु.४,५००/- भाडा र इन्धनको रकम भुक्तानी गरेको छ । इन्धनको रकम भुक्तानी गर्दा सो क्रममा उपयोग हुने परिमाणको कुनै अभिलेख नराखी सवारीधनिले पेश गरेको बिलको आधारमा भुक्तानी गरेको छ । पालिकाका पदाधिकारी तथा कर्मचारीले विभिन्न मितिमा संझौता वेगर सवारी साधन भाडामा लिइ रु.४,६२,१८६/- खर्च लेखेको छ । साथै सवारी साधन भाडामा लिनुको उद्देश्य र प्रयोग गर्ने स्थान समते खुलाएको छैन । पालिकाले गाडि भाडामा लिदा प्रयोग गर्ने व्यक्ति, भाडामा लिनुपर्ने कारण, गन्तव्य, मिति तथा तोकिएको ढाँचामा अभिलेख राखी व्यक्तिगत रुपमा गाडी भाडामा लिनेकार्यलाई नियन्त्रण गरी एकद्धार प्रणालीबाट संम्झौता गरिनुपर्दछ ।

३३ **घरभाडा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ बमोजिम सार्वजनिक निकायले घर भाडामा लिनुपर्दा काठमाण्डौ उपत्यका बाहिर क्षेत्रिय वा जिल्ला स्तरको निकायको हकमा ७ दिनको सूचना कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला प्रशासन कार्यालयमा टाँस गर्नुपर्ने व्यवस्था रहेको छ । घर भाडा लिँदा उल्लेखित व्यवस्था बमोजिमको समिति गठन गरी मुल्य निर्धारण गरेको छैन । पालिकाले यो वर्ष घर भाडा वापत रु.४,०९,८५०/- भुक्तानी गरेकोमा नियमावलीमा उल्लेख भए बमोजिम नभएकोले तोकिएको प्रकृया बमोजिम घर भाडा संझौता गरी प्रचलित कानुनको पालना गर्नुपर्दछ ।

३४ **पेश्की जमानत**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले कम्प्युटर अपरेटर दिप बहादुर वलीलाई पञ्जिकरण शाखा सञ्चालनका लागी २०८०/८/७ मा दिएको पेश्की रु. १,७५,०००/- आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई बाँकी रहेको देखिन्छ । उक्त पेश्की को फर्स्यौट हुनुपर्ने म्याद २०८१ असार मसान्त सम्म रहेको हुँदा म्याद नाघेको देखिन्छ । फर्छयौट गर्न बाँकी रहेको उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| | |
|---|---|
| पेश्की | १,७५,००० |

३५ **विगत वर्षको पेश्की**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(४) बमोजिम पेश्की जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फर्छयौट गर्नु पर्ने अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । ठेक्का नं. ९/२०७८/७९ बारापुर कोछट्टे मोटरबाटो निर्माणका लागी निर्माण व्यवसायी कार्की ब्रदर्श कन्ट्रक्सनसँग २०७९/३/२३ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी २०७८ मंशिर २६ मा खरिद सम्झौता भएको छ । निर्माण व्यवसायीले २०२२ जुन ५ सम्म म्याद भएको पेश्की जमानतका आधारमा रु.

२,००,०००/- पेश्की दिएकोमा लेखापरीक्षण अवधिसम्म खरिद सम्झौता बमोजिमको काम सम्पन्न नभएको, खरिद सम्झौताको म्याद थप पनि नभएको र पेश्की जमानतको म्याद थप समेत भएको देखिएन । यस वर्ष उक्त निर्माण कार्यका लागी कुनै रकम भुक्तानी नभए पनिखरिद सम्झौताको म्याद र पेश्की जमानतको म्याद समाप्त भैसक्दा सम्म पेश्की फर्छयौट नभएकाले उक्त पेश्की जोखिममा रहेको देखियो । खरिद सम्झौताको म्याद समाप्त हुँदा सम्म बैंक जमानतको म्याद समेत समाप्त भैसकेको हुँदा उक्त पेश्की असुल गरी फरुछयौट हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,००,००० |

३६ **खरिद कारवाहीको अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (१) अनुसार सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन । साथै ठेक्का सम्बन्धी गौश्वार लगत (म.ले.प.फा.नं. ५०७) समेत तयार गरी राखेको पाइएन । जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वियन सम्बन्धी कारोबारको परीक्षण गर्न सहज भएन । सबै खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

३७ **उपभोक्ताको काम**

उपभोक्ताको काम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७ (१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ।पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको, विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको, प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

३८ **निर्माण कार्यको गुणस्तर**

उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति, अनुगमन समिति र कार्यालयको हो । यसका लागी स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण सामग्रीको गुणस्तर कायम गर्नुपर्ने, निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम हुनुपर्ने, मितव्ययिताका लागि स्थानीय स्तरमा उपलब्ध, गुणस्तरयुक्त सामग्रीको उपयोग गर्नुपर्दछ । तर यस गाउँ पालिकाले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक मात्रामा गुणस्तर परीक्षण गराउने तर्फ कार्यालयको पहल हुनुपर्दछ ।

३९ **उपभोक्ता समितिको बिल भरपाई**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।यो वर्ष गाउँपालिकाले उपभोक्ता समितिबाट सम्पन्न भएका अधिकांश योजनामा प्राविधिक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा उपभोक्ता समितिलाई रकम भुक्तानी गरेको देखियो।उपभोक्ता समितिले प्राविधिक नापी तथा उपभोक्ताको बिल पेश गर्दा आंशिक रूपमा मात्र डोर हाजिरी तथा खर्चका बिल भरपाई संलग्न गरी पेश गर्ने गरेको देखियो।नियमावलीमा भएको व्यवस्था अनुरूप उपभोक्ता समितिले खर्चको बिल भरपाई उक्त समुहको वैठकबाट समेत अनुमोदन गर्ने गरेको देखिएन।यस सम्बन्धमा फिल्डमा गई प्राविधिकले पेश गर्ने वास्तविक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी गर्ने गरेको गाउँपालिकाले जानकारी दिएतापनि योजनामा प्रयोग भएका सामग्री खरिदको समेत बिल पेश नहुँदा नापी अनुसारको वास्तविक परिमाण र लागत कै सामान प्रयोग भयो भनि आश्वस्त हुन सक्ने अवस्था रहेन । गत विगत वर्षका प्रतिवेदनहरुमा समेत यस सम्बन्धमा सुझाव दिँदै आएकोमा यस अवस्थामा सुधार भएको देखिएन ।

### ४० प्राविधिक बिल

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित अधिकांश योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन तथा कार्यसम्पन्न पेश भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था रहेन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति, कार्य सम्पन्न भएको मिति, नापजाँच गरेको मिति लगायतका बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । प्राविधिकले उपभोक्ता समितिको बिल बनाउँदा वास्तविक कार्यसम्पादनमा आधारित भएर बनाउनुपर्दछ।

### ४१ आइटम वाइज योगदान

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३ क१) मा साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्ने व्यवस्था रहेकोमा पालिकामा पेश भएको कार्यसम्पन्न प्रतिवेदनमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्नेमा एकमुष्ठ कार्यसम्पन्न प्रतिवेदनमा मात्र उपभोक्ता समितिले पुर्याउनु पर्ने योगदानको अंश पुर्याएको कार्य सम्पन्न प्रतिवेदनबाट देखिन्छ।अत: नियमावलीमा भएको व्यवस्था अनुसार साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा उपभोक्ता समितिले निर्माण कार्यको प्रत्येक इकाईमा अनिवार्य योगदान हुनुपर्दछ।

### ४२ विमा

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा बीस लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्यमा संलग्न हुने जनशक्ति, मेसिन र सम्पूर्ण निर्माण कार्यको तोकिए बमोजिमको विमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निर्माण सम्पन्न गराएको कुनै पनि निर्माण कार्यको विमा गराउको छैन । यसले गर्दा निर्माण कार्यको जोखिम बढ्न गई निर्माण कार्य समयमा सम्न्न नहुने जस्ता जोखिम बढेर जान्छ । अत: निर्माण कार्यमा हुने सम्भावित जोखिम न्यूनीकरण गर्न अनिवार्य रुपमा विमा गराउनु पर्दछ ।

### ४३ पेश्की रकमको विवरण

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ (क ५) बमोजिम निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेश्की कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(२) बमोजिम निर्माण व्यवसायीले पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण सार्वजनिक निकायमा नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । यस पालिकाबाट भएका निर्माण सम्बन्धी खरिद सम्झौतामा सबैजसो निर्माण व्यवसायीलाई सम्झौता बमोजिम पेश्की उपलब्ध गराउने गरेकोमा निर्माण व्यवसायीहरुले नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्ने गरेको देखिएन । पेश्की रकम सम्बन्धित निर्माण कार्य वाहेक अन्य कार्यमा रकम खर्च गरी निर्माण कार्यमा ढिलाइ

गर्न सक्ने भएकाले सरकारी रकमको उचित सदुपयोग भए नभएको यकिन गर्न कानूनले तोके बमोजिम नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्न लगाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

४४ **बिल भरपाई**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयबाट खर्च लेखिएका देहायका कारोबारहरुको खर्च प्रमाणित गर्ने आवश्यक बिल भरपाई तथा कागजात संलग्न नराखी भुक्तानी दिएको देखिन्छ । खर्च प्रमाणित गर्ने आवश्यक कागजात पेश हुनुपर्ने रु.

| **भौ.नं. र मिति** | **विवरण** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| ३०९/२०८१/३/२४ | देउराली पर्यटन प्रवर्धन, वडा नं.२ को सडक मर्मत, जोगीलोसे काफलनेटी सडक मर्मत रवडा नं. ७ को सडक मर्मत | ४८०५०० | लागतअनुमान, नापी किताब र कार्य सम्पन्न प्रतिवेदन नभएको |
| १४२५/२०८१/३/२२ | सवारी मर्मत वापत भुक्तानी | ३२००० | बिल भरपाई नभएको |
| १४२७/२०८१/३/२२ | थल बहादुर खत्री भ्रमण खर्च | १०००० | भ्रमण आदेश र भ्रमण बिल नभएको |
| **जम्मा** | | ५२२५०० | |

| प्रमाण पेश नगरेको | ५,२२,५०० |
|---|---|

४५ **नन्फाईलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्नेव्यवस्था छ । भौ.नं. १४६०/२०८१/३/२१ बाट नियो लिङ्क प्रा.लि. लाई ६ महिनाको इन्टरनेट शुल्क वापत रु. ५६८०९६/- भुक्तानी गर्दा रु. ६५३५६/- मूल्य अभिबृद्धि कर भुक्तानी गरेकोमा उक्त सेवा प्रदायकको पान नं.६०६८०५१४० आन्तरिक राजस्व बिभागको वेभसाइटमा PAN search गर्दा मूल्य अभिबृद्धि कर तर्फ २०८० को तेश्रो त्रैमासिक देखी विवरण पेश नगरी नन्फाइलर रहेको देखिन्छ । कानूनी व्यवस्था अनुसार मूल्य अभिबृद्धि कर विवरण नबुझाएकोले भुक्तानी भएको मू.अ. कर रु.६५,३५६/- समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | ६५,३५६ |
|---|---|

४६ **संघीय कार्यालयलाई निकासा**

पालिकाले अन्य तहका सरकार अर्न्तगतका निकायलाई रकम निकासा गर्ने कार्यविधि तथा कानुनको निर्माण भएको देखिदैन। संघ, प्रदेश र स्थानीय तह छुट्टाछुट्टै कार्यालय कोड, बजेट प्रणालीबाट सञ्चालन हुने निकाय हुन् । तसर्थ संघीय, प्रादेशिक कार्यालय पालिकाको मातहत रहेका निकाय नभएको तथा संघीय कार्यालयलाई भुक्तानी गर्ने कानुनी प्रावधान नभएकोले बजेट प्रणाली विपरितको कार्य नियन्त्रण गर्नु पर्दछ ।

| **गो.भौ.नं./मिति** | **कार्यालय** | **विवरण** | **रकम** |
|---|---|---|---|
| ८-२०८०/०७/०२ | घुइयाबारी प्रहरीचौकी | फर्निचर खरिद | ५०००० |
| २८४-२०८१/०३/२१ | इलाका वन कार्यालय (वडा नं २) | घेराबार मर्मत तथा भवन निर्माण | ४७३०३३ |
| २०७-२०८१/०२/१० | इलाका प्रहरी कार्यालय,रामपुर | बाथरुम निर्माण | १४४००० |

४७ **विद्युतीय चुलो वितरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले मिति २०८०।११।०२ मा सुन्दर नेपाल संस्था सुर्खेतसंग सम्झौता गरी उक्त संस्थाले रु.२,०००।-, पालिकाले प्रति परिवार रु.२,०००।– र उपभोक्ताले प्रति विधुतीय चुलो सेट रु.४,५००।– व्यहोर्ने गरी श्री क्लिन इनर्जी एण्ड डेभलेपमेण्ट सेन्टर प्रा.लि. दाङ्गबाट खरिद गरी वडा नं १ मा २३, वडा नं २ मा १००, वडा नं ३ मा १४०, वडा नं

४ मा १२४ र वडा नं ५ मा ६३ गरी ४५० घरधुरीलाई विद्युतीय चुलो १ सेट, ३ लिटरको प्रेसर कुकर, २४ सि.एमको कराई ४५० थान वितरण गरी भौचर नं २२८-२०८१।०३।१८ बाट रु.९,००,०००/- खर्च गरेको छ । उक्त कार्यक्रम पश्चात जडान गरे/नगरेको विषयमा पालिकाले अनुगमन गर्ने सम्झौताबखत नै उल्लेख गरेता पनि पालिकाले विद्युतीय चुलो जडान गरे/नगरेको विषयमा अनुगमन गरेको देखिएन ।कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । साथै यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्दनको लागि लाभग्राहीको नाम, ठेगान र रकम वेभसाइटबाट सार्वजनिकरण गर्नुपर्दछ ।

४८ **लेखा श्रेष्ता**

आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७(१) मा ऐनको दफा २६ बमोजिम कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्नेछ तथा उपनियम २ बमोजिम भुक्तानी वा पेश्की फर्स्यौटको लागि पेश हुने प्रत्येक बिल, भरपाई र सोसाथ संलग्न अन्य कागजात खर्च गर्ने व्यक्तिले तयार गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा पेश गर्नु पर्नेछ। त्यसरी पेश हुन आएको बिल, भरपाई तथा अन्य कागजातलाई खर्च स्वीकृत गर्ने अधिकारीले रकम भुक्तानी दिनु वा फर्स्यौट गर्नु अघि प्रमाणित गर्नु पर्ने व्यवस्था छ । पेश्की दिदाँ तथा फर्स्यौट गर्दा आवश्यक कागजात संलग्न नगरी भुक्तानी तथा पेश्की दिएको छ। गोश्वरा भौचर तयार गर्दा सम्बन्धि कागजात गोश्वरा भौचरसंग सिलसिलेबार रुपमा राखेको देखिदैन जुन लेखाको सिद्धान्त प्रतिकुल देखिन्छ। खर्चको तेरिज नबनाई अव्यवस्थित रुपमा कागजात राखेको हुँदा त्यसमा लाग्ने कर लगाएतका जोडजम्मा एकिन गर्न कठिनाई उत्पन्न हुने गरी अभिलेख राखेको छ। तोकिएको ढाचाँमा अभिलेख नराख्ने कर्मचारीलाई जिम्मेवार बनाई अभिलेख प्रणालीलाई व्यवस्थित बनाउनुपर्दछ।

४९ **वडा तथा शाखागत खर्च**

पालिकाका हरेक आर्थिक कारोबार एकद्धार प्रणालीमार्फत क्रियाकलापमा आधारित रहि खर्च गर्नुपर्दछ । पालिकाले वडा तथा विभिन्न शाखामा शाखागत बजेट व्यवस्था गरी बजेट खर्च गरेको देखिन्छ । औचित्य पुष्टि हुन नसक्ने कार्यमा समेत बजेट खर्च भएको छ । विभिन्न वडा तथा शाखामा रहेका कर्मचारी तथा पदाधिकारीले व्यक्तिगत प्रयोजनाको लागि खर्च गरेको रिचार्ज जस्ता सञ्चार खर्चको बिलसमेत पेश गरी भुक्तानी लिएको देखिन्छ। शाखालाई आवश्यक पर्ने जिन्सी मालसामानहरु शाखावाइज खरिद गरी शाखामा दाखिला गरेको छ । यसरी शाखागत बजेट खर्च गर्दा खर्चमा पारदर्शिता, मितव्यायिता तथा नियन्त्रण कायम गर्न कठिन देखिन्छ । तसर्थ बजेटलाई विभिन्न शाखामा टुक्रा पारी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५० **स्थानीय भत्ता**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलमा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने प्रावधान छ। पालिकाले यो वर्ष भ्रमणमा रहेको अवधिमा स्थानीय भत्ता कट्टा गरेको देखिएन । पालिकाले छानविन गरी दैनिक भत्ता उपयोग गरेको अवधिको स्थानीय भत्ता असुल गर्नुपर्दछ ।

५१ **असम्बन्धित भुक्तानी**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(७) बमोजिम आवास सुविधा उपलब्ध नगराइएको तालिम कार्यक्रममा सहभागी हुने सहभागीलाई लाग्ने दिनको गणना गरी काज खटाउने र अनुसुचि-२ बमोजिम दैनिक भत्ता दिन सकिने व्यवस्था रहेको छ । सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रमा मिति २०८०/०५/०६ देखि २०८०/०५/०६ सम्म सञ्चालित आर्थिक प्रशासन सम्बन्धि सेवाकालीन तालिम, २०८० मा कोष तथा लेखा नियन्त्रक कार्यालय, सल्यानका कोष नियन्त्रक, श्री कमल सिंह भण्डारी क्षेत्री सहभागी भएकोमा ५ दिनको स्थलगत अवलोकन भ्रमणको दिन बाहेक केन्द्रले भ्रमण भत्ता उपलब्ध नगराएको उल्लेख छ । पालिकासँग असम्बन्धितलाई दैनिक भ्रमण खर्च भुक्तानी गर्न रकम अभाव रहेको जनाई पत्र लेखेको आधारमा रु.६५,०००/- भुक्तानी गरेको छ।यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ।

५२ **वित्तिय समानिकरणबाट चालु प्रकृतिको कार्य**

अन्तरसरकारी वित्तिय व्यवस्थापन ऐन, २०७४ बमोजिम अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। विकास निर्माणको लागि प्राप्त अनुदान सोही बमोजिम उपयोग गर्नुपर्दछ । चालु प्रकृतिको कार्यको लागि पालिकाको आन्तरिक श्रोत तथा राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम प्रयोग गर्नुपर्नेमा पालिकाले वित्तीय समानिकरणको रु.२,३९,१२,८०८/- खर्च लेखेको छ ।

## ५३ दोहोरो यातयात सुविधा

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **४,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

## ५४ अन्य खर्च

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारीको सेवा सुविधा सम्बन्धि ऐन, २०७७ को दफा १५(२) बमोजिम पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने उल्लेख छ । पालिकाले विभिन्न कार्यक्रम सञ्चालन गर्दा ऐनमा उल्लेखित प्रावधानको प्रतिकुल हुने गरी अन्य भत्ता उपलब्ध गराएको छ । कानूनमा उल्लेखित प्रावधान प्रतिकुल हुने गरी अन्य भत्ता वितरण गर्ने पदाधिकारी तथा कर्मचारीलाई जिम्मेवार बनाई अन्यको समेत असुल गर्नुपर्दछ । पालिकाले निम्न बमोजिम पदाधिकारीलाई अन्य खर्च उपलब्ध गराएकोले असुल गर्नुपर्ने रु

| **पद** | **नाम/थर** | **आवास खर्च** | | **खाना** | **जम्मा** |
|---|---|---|---|---|---|
| | | **१०-०८०/०५/०७** | **३१३-०८०/०९/२५** | | |
| वडा सदस्य | धन बहादुर पुन | २१०० | | | २१०० |
| वडा सदस्य | होम बहादुर वली | २१०० | ८०० | १७५० | ४६५० |
| वडा सदस्य | सुमित्रा दमाइ | २१०० | ८०० | १७५० | ४६५० |
| वडा सदस्य | केवली वली | २१०० | ८०० | १७५० | ४६५० |
| वडा सदस्य | गोविन्द रोका मगर | २१०० | ८०० | १७५० | ४६५० |
| वडा सदस्य | बिर्ख बहादुर राना | २१०० | ८०० | १७५० | ४६५० |
| वडा सदस्य | नेपा कुमारी कामी | २१०० | ८०० | १७५० | ४६५० |
| | | **जम्मा** | | | ३०००० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **१,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **१,४००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **४,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **१,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **४,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **४,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **४,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **१,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **१,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **४,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **४,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **१,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,००० |

५५ **वैठक भत्ता**

१०-०८०/०५/०७, १३-०८०/०५/०८, २८७-०८०/०९/१७, ३१३-०८०/०९/२५, १२६५-०८१/०३/१०, १२९९-०८१/०३/११ र १४९८-०८१/०३/२२ कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारीको सेवा सुविधा सम्बन्धि ऐन, २०७७ को दफा ११(२) बमोजिम उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि एक महिनामा तीनवटा भन्दा बढी बैठकको भत्ता लिन नपाउने व्यवस्था उल्लेख छ । पालिकाले वडा समितिको बैठक सञ्चालन वापत मासिक ३ वटाको दरले वार्षिक ३६ वटा वैठकको भत्ता खर्च लेखेको छ । वार्षिक ३६ वटा भत्ताको अतिरिक्त निम्नबमोजिम बढी वैठक भत्ता सुविधा रु.४४,६२५/- खर्च लेखेकोले असुल गर्नुपर्ने रु.

| पद | नाम/थर | बढी संख्या | जम्मा रकम | खुद भुक्तानी रकम |
|---|---|---|---|---|
| वडा सदस्य | धन बहादुर पुन | ५ | ७५०० | ६३७५ |
| वडा सदस्य | होम बहादुर वली | ५ | ७५०० | ६३७५ |
| वडा सदस्य | सुमित्रा दमाइ | ५ | ७५०० | ६३७५ |
| वडा सदस्य | केवली वली | ५ | ७५०० | ६३७५ |
| वडा सदस्य | गोविन्द रोका मगर | ५ | ७५०० | ६३७५ |
| वडा सदस्य | बिर्ख बहादुर राना | ५ | ७५०० | ६३७५ |
| वडा सदस्य | नेपा कुमारी कामी | ५ | ७५०० | ६३७५ |
| | **जम्मा** | | | **४४६२५** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **५७,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **५७,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **५४,८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **५८,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४४,६२५ |

५६ **पारिश्रमीक कर**

आय कर ऐन, २०५८ को दफा ४ को अनुसूची १ (२) अनुसार बार्षिक आयमा कर गणना गरी भुक्तानी दिँदा पारिश्रमिक कर कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ।भौ.नं. २/२०८१/२/१८ बाट मुख्यमन्त्री रोजगार कार्यक्रममा खटिने देहायका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता भुक्तानी गर्दा नियमानुसार कट्टी गर्नुपर्ने भन्दा कम कट्टी गरेको हुनाले घटी कट्टी रकम सम्बन्धित बाट असुल हुनुपर्ने रु.

| क्र.सं. | कर्मचारीको नाम | पद | भुक्तानी रकम | कट्टी गर्नुपर्ने कर | कट्टी गरेको कर | नपुग कर |
|---|---|---|---|---|---|---|
| १ | दिप बहादुरवली | रोजगारसंयोजक | ३६००० | ५४०० | ३६० | ५०४० |
| २ | प्रेम चन्द | ईन्जिनियर | ६०००० | ९००० | ६०० | ८४०० |
| **जम्मा** | | | **९६०००** | **१४४००** | **९६०** | **१३४४०** |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **६,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **५,०४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | १३,४४० |
|---|---|

५७ **योजना जाचँपास**

१४६३-०८१/०३/२१ कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारीको सेवा सुविधा सम्बन्धि ऐन, २०७७ को दफा ७ बमोजिम पदाधिकारीलाई आफ्नो क्षेत्रभित्र विकास आयोजना र कार्यक्रमको अनुगमनका लागि अनुसुनी-१ मा तोकिए बमोजिमको अनुगमन खर्च उपलब्ध हुने व्यवस्था छ । पालिकाले मासिक अनुगमन खर्च समेत समावेश गरी सुविधा उपलब्ध गराएको छ । मासिक रुपमा अनुगमन खर्च लिनुको साथै पटके रुपमा थप सुविधा रु.२१,६७५/- उपलब्ध गराएकोले असुल गर्नुपर्ने रु.

| पद | नाम/थर | जम्मा रकम | भुक्तानी रकम |
|---|---|---|---|
| अ.स.ई. | सुरज वि.क | २५५०० | २१६७५ |
| | **जम्मा** | | **२१६७५** |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **३०,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **५१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **८,९२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **४०,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२२,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | २१,६७५ |
|---|---|

५८ **विधायन समिति**

कर्णाली प्रदेश तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ११ तर वाक्यांशमा विधायन समिति, लेखा समिति र सुशासन समितिका सदस्यले बढीमा वार्षिक बाह्रवटा बैठकको लागि प्रतिबैठक पाँचसय रुपैयाँका दरले समिति भत्ता पाउने व्यवस्था छ । निम्नानुसार कानून निर्माण समितिले उल्लेखित दरभन्दा रु.२,५५०/- बढी भुक्तानी गरेकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| पद | नाम/थर | रकम | भुक्तानी रकम | बढी भुक्तानीरकम |
|---|---|---|---|---|
| पोषणसहजकर्ता | मोतिलाल वली | ४५०० | ३८२५ | २५५० |
| | जम्मा | | | २५५० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **१२,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५५० |

५९ **भ्रमण खर्च**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **११,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६० **नन् फाइलर**

मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८ (१) मा करदाताले प्रत्येक महिनाको विवरण सो महिना समाप्त भएको २५ दिनभित्र पेश गर्नुपर्ने र भुक्तानी दिनेले समेत भुक्तानीको विवरण सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यबस्था छ। मूल्य अभिबृद्धि करसमेत निम्नअनुसार भुक्तानी लिएका निर्माण ब्यवसायीहरुले बुझाउनु पर्ने कर नबुझाई नन् फाइलर देखाएकाले मूल्य अभिबृद्धि कर रु. ७८,९१२।- समायोजन भएको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं./मिति | निर्माण व्यवसायी/आपुर्तिकर्ता | बिल नं./मिति | बिल रकम | मुल्य अभिवृद्धि रकम | नन् फाइलर मिति |
|---|---|---|---|---|---|
| ३६७-०८०/१०/११ | नियो लिंक प्रा.लि. (६०६८०५१४०) | ५०३-०८०/०९/०४ | ५६९५२ | ६५५२ | २०८०/T/३ |
| | | ५०४-०८०/०९/०४ | ५६९५२ | ६५५२ | २०८०/T/३ |
| | | ५०५-०८०/०९/०४ | ३९१५०.१५ | ४५०४ | २०८०/T/३ |
| | | ५०६-०८०/०९/०४ | ३९१५०.१५ | ४५०४ | २०८०/T/३ |
| | | ५०७-०८०/०९/०४ | ३९१५०.१५ | ४५०४ | २०८०/T/३ |
| | | ५०८-०८०/०९/०४ | ३९१५०.१५ | ४५०४ | २०८०/T/३ |
| | | ५०९-०८०/०९/०४ | १५६५४.८५ | १८०१ | २०८०/T/३ |
| | | ५१०-०८०/०९/०४ | १५६५४.८५ | १८०१ | २०८०/T/३ |
| | | ५११-०८०/०९/०४ | १५६५४.८५ | १८०१ | २०८०/T/३ |
| | | ५१२-०८०/०९/०४ | १५६५४.८५ | १८०१ | २०८०/T/३ |
| | | ५१३-०८०/०९/०४ | १५६५४.८५ | १८०१ | २०८०/T/३ |
| | | ५१४-०८०/०९/०५ | १५६५४.८५ | १८०१ | २०८०/T/३ |
| | | ५१५-०८०/०९/०५ | १५६५४.८५ | १८०१ | २०८०/T/३ |
| | | ५१६-०८०/०९/०५ | १५६५४.८५ | १८०१ | २०८०/T/३ |
| | | ५१७-०८०/०९/०५ | १५६५४.८५ | १८०१ | २०८०/T/३ |
| | | ५१८-०८०/०९/०५ | १५६५४.८५ | १८०१ | २०८०/T/३ |
| | | ५१९-०८०/०९/०५ | १५६५४.८५ | १८०१ | २०८०/T/३ |
| | | ५२०-०८०/०९/०५ | १५६५४.८५ | १८०१ | २०८०/T/३ |
| | | ५२१-०८०/०९/०६ | १५६५४.८५ | १८०१ | २०८०/T/३ |
| | | ५२२-०८०/०९/०६ | १५६५४.८५ | १८०१ | २०८०/T/३ |
| | | ५२३-०८०/०९/०६ | १५६५४.८५ | १८०१ | २०८०/T/३ |
| | | ५२४-०८०/०९/०६ | १५६५४.८५ | १८०१ | २०८०/T/३ |
| | | ५२५-०८०/०९/०६ | १५६५४.८५ | १८०१ | २०८०/T/३ |
| | | ५२६-०८०/०९/०६ | ३१३१८.३८ | ३६०३ | २०८०/T/३ |
| ३७३-०८०/१०/१५ | इन्जो मिडिया सर्भिसेज प्रा.ली. (६०६०००३२८) | ०२८-०८०/१०/१५ | ११७९७२ | १३५७२ | २०८०/M/१ |
| | | जम्मा | | ७८९१२ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७८,९१२ |

६१ **विज्ञापन**

विज्ञापन(नियमन गर्ने) नियमावली,२०७७ को ११(क)(२) मा १ बमोजिम विज्ञापन एजेन्सी मार्फत मार्फत कारोबार गराउँदा बोर्डमा सूचीकृत विज्ञापन एजेन्सी मध्येबाट खुला र पारदर्शी प्रक्रियाको आधारमा विज्ञापन एजेन्सीको छनौट गरी गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो व्यवस्थामा उल्लेख भएबमोजिम प्रतिशप्रर्धाको माध्यमबाट सूचना प्रकाशन नगरी रु.२७,४८,२८९/- खर्च गरेको छ । पालिकाले सूचना तथा विज्ञापनमा करिब १५ तथा २५ प्रतिशत छुटमा भुक्तानी गरेको देखिन्छ । विज्ञापनको प्रतिस्पर्धा आव्हान गर्दा कम (अन्य निकाय, स्थानिय तहहरुको अभ्यासमा हेर्दा विज्ञापन प्रतिस्पर्धाको माध्यमबाट करिब ९० प्रतिशत सम्म छुट भएको देखिन्छ) मुल्यमा विज्ञापन प्रकाशन गर्न सक्ने अवस्था रहेको छ । त्यस्तै नदिजन्य पदार्थको बोलपत्र सूचना प्रकाशन वापत मिति २०८०/०९/१० मा पहिलोपटकको रु.१,७७,९७५/ र दोस्रो पटकको रु.१,७२,०४३/- गरी जम्मा रु.३,५०,०१८/ भुक्तानी गरेको छ । सूचना प्रकाशन गर्दा निश्चित विषयहरु मात्र उल्लेख गर्न सकिनेमा अनावश्यक विषय समावेश गरी थप भार सिर्जना भएको देखिन्छ । तसर्थ पालिकाले प्रतिस्पर्धाको माध्यमबाट मितव्ययी रुपमा सूचना प्रकाशन तथा प्रसारण गर्नुपर्दछ ।

६२ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पचीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले उक्त प्रक्रिया वेगर नगरपालिकाको बजेटबाट रु.२९,८४,५८८/- को औषधि निम्न सप्लायर्ससँग सोझै खरिद गरेको छ ।यस सम्बन्धमा देखिएको थप व्यहोरा निम्न छन्:

६२.१ **पटक पटक खरिद ;** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (१ख) मा उपनियम (१) र (१क) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सो उपनियमहरुमा उल्लेखित सिमा भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ । पालिकाले निम्न अनुसारका मितिमा एकै आपुर्तिकर्ताबाट औषधी खरिद गरेको छ।अत: नियमावलीमा भएको व्यवस्था विपरितको खरिदमा नियन्त्रण गर्नुपर्दछ।

| गो.भौ.नं. | मिति | विवरण | आपूर्तिकर्ता | रकम |
|---|---|---|---|---|
| २९९ | २०८०-०९/१७ | औषधि खरिद | तारागंगा मेडिसिन सप्लायर्स | ९,८९,९९४ |
| १०६० | २०८१/०३/०२ | | सि.एच.मेडिहेल्थ कर्न्सन प्रा.लि | ९,९९,३१८ |
| २४ | २०८०/०६/१५ | | जय माता मेडिसिन सप्लायर्स | ९९५२७६ |
| **जम्मा** | | | | **२९८४५८८** |

६२.२ **खरिद व्यवस्थाः** औषधी खरिद गर्दा प्राप्त उक्त औषधी कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भए नभएको, आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद, समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई मात्र भण्डारण गर्नुपर्ने, औषधि बिक्रीको लागि होइन भनि खुलाएको प्रमाण समावेश हुनुपर्ने, आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको मुचुल्का संलग्न गर्नुपर्ने लगायत व्यवस्था छ । कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, औषधिको खर्च घटाउदा माग फारामको आधारमा एकमुष्ट घटाउने गरेको लगायत अवस्था देखिएको छ ।तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६३ **खरिद सम्झौता नगरी कार्य गराएको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ बमोजिम सार्वजनिक निकायले फुटकर खरिद बाहेक अन्य खरिद गर्दा खरिद सम्झौता गर्नु पर्ने व्यवस्था छ । पालिकाले देहायको खरिद गर्दा खरिद सम्झौता गरेको देखिएन । नियमानुसार सम्झौता गरी खरिद कार्य गर्नुपर्दछ ।

| भौ.नं. रमिति | कामको विवरण | निर्माणव्यवसायी/परामर्शदाता | खर्च रकम | |
|---|---|---|---|---|
| ४/२०८०/०६/२९ गा.पा पुँजीगत | प्रिन्टर खरिद | ग्रेसी इलेक्ट्रोनिक्स अर्डर एण्ड सप्लार्य | ७५०००० | |
| ९/२०८०/०७/०२ गा.पा पुँजीगत | प्रोजेक्टर, भ्याकुम क्लिनर खरिद | अप्टिक इलेक्ट्रोनिक्स एण्ड सप्लायर्स | ५७९८५८ | |
| १०/२०८०/०७/०२ गा.पा. पुँजीगत | निशान कम्प्युटर ट्रेडर्स | ल्यापटप-२ थान, डेस्कटप कम्प्युटर-२,प्रिन्टर-२ खरिद | ४३२४०० | |
| ३१/२०८०/१०/२५ गा.पा. पुँजीगत | अफिलस टेबल कुर्सी खरिद | बेन्चर फर्निचर प्यालेस | ३३४५७३ | |
| ४४/२०८०/११/२८ गा.पा. पुँजीगत | ल्याप्टप खरिद | न्यू सिटी कम्प्युटर एण्ड सप्लायर्स | ८९८३५ | |
| **जम्मा** | | | **२१८६६६६** | |

६४ **योजना कार्यान्वयन नभई कन्टिन्जेन्सी कट्टी गरेको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची–१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको छ।पालिकाले भौचर नं ७-२०८०।०७।०२ बाट निम्न योजनाको कार्यान्वयन नै सुरु नभएको अवस्थामा समेत ४ प्रतिशतले हुन आउने रकम पालिकाको विविध खर्च खातामा जम्मा गरेकोले उक्त रकम संचित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| भौ.नं. रमिति | योजनाको नाम/ विवरण | योजनामा विनियोजित बजेट | कन्टेन्जेन्सी खर्च लेखेको रु. |
|---|---|---|---|
| २/२०८०/०५/१२ गा.पा पुँजीगत | कोटबयाले लिफ्ट लिफ्ट सिँचाई खानेपानी योजना क्रमागत | ५८००००० | २३०००० |
| ७/२०८०/०७/०२ गा.पा पुँजीगत | राजिटाकुरा खानेपानी मर्मत वडा नं २ | १५०००० | ६००० |
| **जम्मा** | | **५९५००००** | **२३६०००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,३६,००० |

६५ **न्यायिक समिति**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६६ **कर बीजक**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ (१) तथा मूल्य अभिवृद्धिकर नियमावली २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाई अनुसूची ५ र ५ (क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ। यस वर्ष देहायका व्यवसायिहरुको विजक रितपूर्वक पेश (छायाँकपि पेश) नभएकोले मुल्य अभिवृद्धि कर दाखिला वा समायोजन भएको यकिन नहुँदा सो प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं./मिति | निर्माण व्यवसायी/आपुर्तिकर्ता | बिल नं./मिति | बिल रकम | मुल्य अभिवृद्धि रकम |
|---|---|---|---|---|
| ४२३-०८०/११/०१ | लक्ष्मी मोटर पार्टस एण्ड सप्लायर्स (३०४३८१८४३) | २०२-०८०/१०/२४ | ४०१३५.३४ | ४६१७.३४ |
| | | २०३-०८०/१०/२४ | ६५५७४.७७ | ७५४४.०० |
| | | २०४-०८०/१०/२४ | २५२९४.६२ | २९१०.०० |
| ४२५-०८०/११/०१ | | २१०-०८०/११/०१ | २३७६९.५५ | २७३४.५५ |
| | | २११-०८०/११/०१ | ७३६२९.६७ | ८४७०.६७ |
| | | २१२-०८०/११/०१ | ५४९५९.८१ | ६३२२.८१ |
| | | २१३-०८०/११/०१ | १३९९४.६२ | १६१०.०० |
| | | **जम्मा** | | **३४२०९** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३४,२०९ |

## ६७ वितरणमुखी कार्य

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहाय बमोजिमको संस्थालाई भुक्तानी गरेको अनुदान अनुत्पादक, वितरणमुखी तथा प्रतिफल दिन नसक्ने कार्यमा खर्च गरेकोले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| गो.भौ.नं./मिति | विवरण | रकम |
|---|---|---|
| ३२०-०८०/०९/२७ | कला संस्कृतिको लागी एच.आर. मिडिया हाउस प्रा.ली.लाई भुक्तानी | ४५३००० |
| ३४३-०८०/१०/०५ | खएरघारी सिद्धबाबा मेला व्यवस्थापन समिति लाई भुक्तानी | ५०००० |
| १३७७-२०८१।०३।१७ | चन्द्र बहादुर डाँगी स्मृति प्रतिष्ठान | ४,९८,५०० |

## ६८ तालिम कार्यक्रम सञ्चालन

तालिम, गोष्टी, सेमिनार लागायत कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्म्सका आधारमा सञ्चालन गर्नुपर्दछ । पालिकाले उक्त कार्यक्रमहरु सञ्चालन गर्दा अर्थमन्त्रालय, स्वास्थ्य मन्त्रालय, प्रदेश मन्त्रालय लगायतले जारी गरेको नर्म्स पालना गरेको छैन । कार्यक्रम संचालन गर्दा नर्म्स अनुसार नभई बजेट अनुसार यातायात भत्ता खर्च, खाना, खाजा, स्टेशनरी, कार्यपत्र प्रस्तुति, संयोजक भत्ता लगायत खर्च निर्धारण गरी कार्यक्रम स्वीकृत गर्ने र सोही अनुसार कार्यक्रम खर्च भएको जनाई बिल भरपाई संलग्न गरी पेश्की फछ्र्यौट गर्ने गरेको छ । कार्यक्रम सञ्चालन पश्चात पेश गरेको बिल भरपाईमा कार्यक्रमको लागत अनुमान तयार गर्ने, तालिम कार्य तालिका संलग्न गर्ने, तालिमको विषय वस्तु सम्वन्धमा तयार गरेको कार्यपत्र, कार्यक्रमको प्रतिवेदन, खर्चको तेरिज लगायत कार्य पुष्टी हुने प्रमाण संलग्न गर्ने गरेको छैन । कुनै पनि कार्यक्रममा स्वीकृत बजेट फ्रिज नहुने गरी खर्च गर्दा खर्च वास्तविक मान्ने अवस्था छैन् । यातायात, दैनिक भ्रमण भत्ता खर्च भ्रमण नियमावली अनुसार नभई बजेटको आधारमा भुक्तानी दिने गरेको छ ।पालिकाबाट संचालित एक अर्को तालिम कार्यक्रममा समेत खर्च मापदण्ड मिलान नहुने अवस्था देखिंदा कार्यक्रम खर्च मितव्ययी, नियमितता र औचित्यपूर्ण मान्न सक्ने अवस्था नदेखिएकोले कार्यक्रम खर्चमा भएको वास्तविकता समेत कार्यालयबाटै पुष्टि हुने गरी खर्चको प्रभावकारीता र यथार्थता यकिन गर्नपर्ने देखिन्छ ।

## ६९ पदाधिकारी इन्धन सुविधा

कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को अनुसुचि-२ बमोजिम सवारी साधन गर्ने पदाधिकारीको हकमा मात्र सवारी साधनको अभिलेख राखी इन्धन सुविधा उपलब्ध हुने कुरा उल्लेख छ । पालिकायले यस वर्ष १५ जना वडा अध्यक्षको मासिक रुपमा पाउने सुविधा उपलब्ध गराउदा सो अभिलेख नराखी मासिक १५ लिटरको रु.१,६४,४४५/-/- भुक्तानी गरेको छ । ऐनमा उल्लेखित आन्तरिक नियन्त्रण प्रकृया पुरा नगरी खर्च लेखेकोले अनियमित

भएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,६४,४४५ |

७० **ईन्धन**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित कानून तथा नियमावलीले तोके अनुसार प्रत्येक कार्यालयले आफ्नो हक स्वामित्वमा रहेको सम्पत्तिको लेखाङ्कन तोकिएको ढाँचा तथा विधिबमोजिम गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष इन्धनमा रु.४५,४६,१४०/- खर्च लेखेकोमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालिमा प्रविष्टि नगर्नुको साथै सवारी साधन लगबुक राखेको छैन । तोकिएको ढाँचामा अभिलेख नराखेकोले खर्चको उपयोगिता, मितव्ययीता कायम रहन सक्ने अवस्था देखिदैन ।

७१ **कारोबारको लेखा**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १ बमोजिम गाउँपालिका तथा नगरपालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण तोकिए बमोजिम हुने तथा दफा २ मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा रान्नु पर्ने व्यवस्था छ । जसको लागि कार्यन्वयन गर्न एकिकृत आर्थिक संकेत तथा वर्गिकरण कार्यविधि, २०७४ लागु भएको छ । पालिकाले सो कार्यविधि आंशिक रुपमा पालना गरेको देखिन्छ । पालिकाले अधिकांश खर्च शिर्षकहरु तोडमोड् गरी निर्माण गर्नुको साथै कार्यविधि बमोजिम निर्माण भएको शिर्षकबाट सोको व्याख्यामा नपरेको शिर्षकमा खर्च गरेको देखिन्छ । कानून विपरित एक शिर्षकबाट अन्य शिर्षकमा प्रविष्ट गरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

| **गो.भौ.नं./मिति** | **विवरण** | **खर्च भएको शिर्षक** | **खर्च हुनुपर्ने शिर्षक** | **रकम** |
|---|---|---|---|---|
| १४०७-०८१/०३/१९ | पोषणमैत्री कार्यक्रम | सवारीसाधन मर्मतखर्च(२२११३) | कार्यक्रम खर्च (२२५२२) | ४९०००० |
| १४६७-०८१/३/२१ | आवधिक योजना निर्माण | सवारीसाधन मर्मतखर्च(२२११३) | सेवा र परामर्श खर्च (२२४११) | १४२८००० |
| १३९१-०८१/०३/१९ | भु उपयोग नक्सा निर्माण | कार्यक्रम खर्च (२२५२२) | सेवा र परामर्श खर्च (२२४११) | १४९८५२० |
| २२०-०८०/०८/१७ | उपभोक्ता संरक्षण कार्यक्रम अन्तर्गत बजार अनुगमन | खाद्यान्न (२११२२) | अनुगमन तथा मुल्याङ्कन खर्च (२२६११) | ५४२५० |
| ११५६-०८१/०२/२८ | उपभोक्ता संरक्षण कार्यक्रम अन्तर्गत बजार अनुगमन | खाद्यान्न (२११२२) | अनुगमन तथा मुल्याङ्कन खर्च (२२६११) | ५३०५० |
| विभिन्न | विभिन्न व्यक्तिलाई औषधि उपाचार सहयोग | औषधि उपाचार खर्च (२११२३) | अन्य सामाजिक सहायता (२७११२) | ३३१००० |
| | | **जम्मा** | | **३८५४८२०** |

७२ **मूल्य अभिवृद्धि कर**

११-०८०/०५/०७ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम बीस हजार रुपैयाँ भन्दा बढीको खरिद कार्य गर्दा मूल्य अभिवृद्धि करमा दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सभा संचालनका लागि खरिद भएको झोला, रेनकोट र छाताको मुल्य अभिवृद्धि कर बेगर बीस हजार रुपैयाँ भन्दा कमको विभिन्न बीजक पेश गरेको आधारमा न्यु आचार्य फेन्सीलाई रु.५,१४,३५०/- भुक्तानी गरेको छ । मूल्य अभिवृद्धि करमा दर्ता प्रमाणपत्र प्राप्त गरेकोबाट मात्र खरिद गर्नुपर्नेमा पालिकाले स्थायी लेखा नम्बर बीजकको आधारमा खरिद गरी भुक्तानी गरेकोले अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,१४,३५० |

७३ **खरको छानो विस्थापन कार्यक्रम**

नेपालको संविधानले प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्बन्धी ऐन, २०७५ बमोजिम उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न गरिबीको रेखामुनी रहेका, प्रकोपका कारण घरवार विहिन भएका घर परिवारहरुले सुरक्षित आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदको लागि र गरिबीको रेखामुनी रहेका, पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास निर्माणको लागि सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ कार्यान्वयनमा रहेको छ। पालिकाले कालिमाटी गाउँपालिका खरको छानो विस्थापित कार्यान्वयन कार्यविधि, २०७७ स्थानीय राजपत्रमा मिति २०७७।०८।२० गते प्रकाशन गरेको छ। पालिकाले खरको छाना विस्थापित कार्यमा यस वर्ष रु. ५६ लाख बजेट विनियोजन गरी रु.५२,९२,९६४।– खर्च भएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

७३.१ **निर्माण कार्य सम्पन्न:** कालिमाटी गाउँपालिका खरको छानो विस्थापित कार्यान्वयन कार्यविधि, २०७७ को परिच्छेद ३ को घ गाउँपालकाको प्राविधिकबाट अनुसूची -३ बमोजिमको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा अन्तिम किस्ता बापतको रकम दिने व्यवस्था छ । पालिकाले खरको छानो विस्थापन कार्यका लागि १३५ जनालाई ३३५१ थान जस्तापाता वितरण गर्दा प्राविधिक विल सहित कार्य सम्पन्न प्रतिवेदन पेश गरेको छैन।जसले गर्दा वितरण भएको जस्तापाताको सही सदुपयोग भएको सम्बन्धमा आश्वस्ता हुन सकिएन।अत: निर्माण कार्य समाप्त पश्चात् कार्यविधिले तोकेबमोजिमको प्राविधिक विल सहित कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ।

७३.२ **कार्यक्रम कार्यान्वयन:** कालिमाटी गाउँपालिका खरको छानो विस्थापित कार्यान्वयन कार्यविधि, २०७७ को परिच्छेद ३ मा स्थानीय तहले छनोट भएका लाभग्राहीसंग अनुसूची- २ बमोजिमको ढाँचामा अनुदान सम्झौता गरी लाभग्राहीको सूची सम्बन्धित बैंकलाई उपलब्ध गराउने व्यवस्था छ। जस अन्तर्गत अनुदान उपलब्ध गराउँदा पहिलो किस्ता वापत् ६० प्रतिशत र अन्तिम किस्ता बापत ४० प्रतिशत अनुदान रकम उपलब्ध गराउने व्यवस्था छ।पालिकाले बोलपत्रमार्फत् यस वर्ष १० फुटे जस्तापाता १४४९ थान, ९ फुटे जस्तापाता १४१० थान र धुरी छाउने पाता ६१६ थान खरिद देखिएकोमा वडा सिफारिसका आधारमा १३५ जनालाई १० फुटे जस्तापाता १३९४ थान, ९ फुटे जस्तापाता १४७८ थान र धुरी छाउने पाता ४७९ थान वितरण गरेको छ। उक्त जस्तापाता विगतमा के कति मौज्जाद थियो र वितरण भएको हो सो विषयमा पालिकाले कुनै अभिलेख राखेको छैन।उक्त वितरण कार्यमा कार्यविधिको पालना भएको देखिएन।कार्यविधिले तोकेबमोजिमको लाभग्राहीसंग सम्झौता गरेर मात्र अनुदान उपलब्ध गराउनुपर्दछ।

७३.३ **लाभग्राहीको छनौट:** कालिमाटी गाउँपालिकाको खरको छानो विस्थापित कार्यान्वयन कार्यविधि, २०७७ को परिच्छेद २ को दफा ४ मा लाभग्राही छनोटका आधार तथा विधिमा लाभग्राहीले हाल प्रयोग गरिरहेको घरको क्षेत्रफल र घरको गारो तथा घरको छानाको किसिम र प्रयोग भएको जग्गाको स्वामित्व, घरमुली अति विपन्न, असहाय, असक्त,बृद्दबृद्धा,अनाथ बालबालिका तथा एकल महिलाका आधारमा अनुसूची १ वमोजिमका आधार र अङ्क भारका आधारमा वढी अङ्क प्राप्त गर्नेलाई छनोट गर्नुपर्ने, लाभग्राहीको छनोट खरको छाना विस्थापित समन्वय समितिले गर्ने उल्लेख छ । पालिकाले गाउँकार्यपालिकको निर्णय गरी स्वीकृत बजेटको आधारमा वडाको सिफारिस वमोजिम १३५ जना लाभग्राही छनोट गरिएकोमा छनोट प्रक्रिया र आधार कार्यविधिले तोके वमोजिम व्यविस्थत र वस्तुगत नरहेकोले कार्यविधिमा उल्लेख भएको विवरण लिई लाभग्राहीको छनौट गर्ने र भए गरेको कामको अनुगमन गरी प्रतिवेदन गर्ने व्यवस्थाको पालना हुनुपर्दछ ।

७४ **हेभिमेशिनको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ ।

पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| भौ.नं. | योजनाकोनाम/उपभोक्ता समितिको नाम | निर्माणव्यवसायी | निर्माणव्यसायीको बिल | भुक्तानी रकम |
|---|---|---|---|---|
| २१/२०८०/०५/११ | जुमखोला देउराली घुइयाबारी सडक निर्माण | जय भगवती कन्ट्रकसन | ७२७४७८. | ७२७४७८. |
| २४/२०८०/१०/१७ | वडा नं ३ को सडक मर्मत | डि.सि. निर्माण सेवा | १७८१७६ | २३५९९१ |
| २८/२०८०/१०/१८ | कुसुमतारारिङरोड निर्माण | इको वल्डकन्स्ट्रक्सन प्रा.लि. | ४४००० | १२७६७१ |
| ५०/२०८०/१२/०९ | वडा नं ५को सडक मर्मत | जय भगवतीकन्स्ट्रक्सन | ६६६६७८ | ६०१४७१ |
| ६०/२०८०/१२/३० | जोगी लोसेछरछरे काफलनेटी एराते सडक मर्मत | जय भगवतीकन्स्ट्रक्सन | ३९४१२ | ९५९५० |
| ८७/२०८१/०१/३० | वडा नं २सडक मर्मत | डि.सि.निर्माण सेवा | १४५१५५ | १४५१५५ |
| ८७/२०८१/०१/३० | वडा नं २सडक मर्मत | विवेकविशाल कन्स्ट्रक्सन | ९४००४ | ९४७२० |
| ८८/२०८१/०१/३० | जुगेनास्वास्थ्य भवन हुँदै धवलकाँडा मोटर बाटो | एल.बि.निर्माणसेवा | ४८७२०२ | ४५९३५३ |
| ९१/२०८१/०२/०१ | वडा नं २सडक मर्मत | एल.बि.निर्माणसेवा | ३५४४१३ | ३३४२२९ |
| ११५/२०८१/०२/१४ | चेपाङ्गघुइयाबारी सडक मर्मत | इको वल्डकन्स्ट्रक्सन प्रा.लि. | ६०००३ | ५६१७१९ |
| १३४/२०८१/०२/२१ | बाइसथोप्ले मोटरबाटो निर्माण | एल.बि.निर्माणसेवा | १६०२०४ | १४३९२५ |
| २९२/२०८१/०३/२१ | जनता प्रावि काफ्ली सडक निर्माण | डि.खैराबाङकन्स्ट्रक्सन प्रा.लि. | ८७१९९ | ७७१७१ |
| १३७/२०८१/०२/२१ | भित्रीखोलारानागाउँ मोटरबाटो निर्माण | डि.सि.निर्माण सेवा | १९३३३९ | २३९८७५ |
| १३९/२०८१/०२/११ | खहरेखोलासमाधिस्थल तथा सौचालय फिल्ड निर्माण | जे. ए.कन्स्ट्रक्सन | ५०४०० | २३७६१४ |
| १६३/२०८१/०२/२४ | चिसापानीबाघखोर सडक स्तोरन्नति | भरतनिर्माण सेवा प्रा.लि. | ४२३१४७ | ४००४६३ |
| १६५/२०८१/०२/२४ | बांकेबासदेउराली सडक निर्माण | भरतनिर्माण सेवा प्रा.लि. | ५३९९११ | ५११८७० |
| १७१/२०८१/०२/२८ | कालिकाप्रा.वि.हिगौरी फिल्ड निर्माण | डि.खैराबाङकन्स्ट्रक्सन प्रा.लि. | ४०८९४ | १०५२३० |
| १८९/२०८१/०३/०६ | हात्तिसारखेलमैदान निर्माण | भगवतीकन्स्ट्रक्सन | ९८२५० | ८८३९४ |
| २०१/२०८१/०३/१० | पैयाकाँडाबारापुर सडक मर्मत | एल.बि.निर्माणसेवा | ८४२७७७ | ६०४७६७ |
| २०५/२०८१/०३/१० | बेलघाटलोसेरिङ्ग रोड निर्माण | जय भगवतीकन्स्ट्रक्सन | २०८७८९ | १८८९०१ |
| २४५/२०८१/०३/१९ | कबैखोलासमाधिस्थ प्रतिक्षालय तथा शौचालन | डि.खैराबाङकन्स्ट्रक्सन प्रा.लि. | १६३८५ | १९१९२५ |
| २७४/२०८१/०३/२१ | भिउटर चर्चभवन सडक निर्माण | डि.खैराबाङकन्स्ट्रक्सन प्रा.लि. | ३००५८ | ३४८०८ |
| २७८/२०८१/०३/२१ | मकैलखाराढुङ्गेकटेरी आरुचौर बयाले सडक | डि.खैराबाङकन्स्ट्रक्सन प्रा.लि. | ३४४४९ | २५०३६४ |
| २९०/२०८१/०३/२१ | डांडासिरखोला सडक मर्मत | एल.बि.निर्माणसेवा | ५३८३०१ | ४९६६४९ |

७५ **डोजरको कार्यको नापी किताव**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ।पालिकाले डोजरबाट सडक मर्मत तथा निर्माण गरेको भनि गोश्वरा भौचर

३-२०८०।०६।१७ वाट सडक निर्माणमा प्रयोग हुने हेभी मेशिनको सडक मर्मत शीर्षकबाट इन्धन खरिद गरी रु. ४,१५,०००।- खर्च गरेको छ । खरिद गरिएको उक्त इन्धन पालिकाले सार्वजनिक सडक मर्मत सम्भार कार्यमा खर्च गरेको जनाएको छ । खरिद गरिएको इन्धन प्रयोग भएको हेभी मेशिनको लगबुक र निर्माण तथा मर्मत गरिएको सडकको नापी किताब संलग्न राखेको देखिएन । इन्धन खपतवाट कार्य भएको कामको मुल्याङ्कन तथा नापी किताव राखेको नदेखिएकोले खर्च पुष्टी नभएको हुँदा इन्धन खपतको आधारमा डोजरले गरेको कार्यको नापी किताव पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,१५,००० |

७६ **पारिश्रमिक कर**

आयकर ऐन, २०५८ को दफा ४ को अनुसूची १(२) अनुसार वार्षिक आयमा कर गणना गरी भुक्तानी दिँदा पारिश्रमीक कर कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ।पालिकाले पारिश्रमिक भुक्तानी गर्दा देहायका कर्मचारीको कर कट्टी गरेको नदेखिएकोले नियमानुसार सम्बन्धित बाट असुल गर्नुपर्ने रु.

| क्र.स | नाम | पद | कर योग्य आय | कर रकम |
|---|---|---|---|---|
| १ | गोरख बहादुर थापा | ज.स्वा.नि | १३३८०० | १३३८० |
| २ | केशरी नेपाली | सि.अ.न.मी | ९९४५३ | ८९५० |
| **जम्मा** | | | | **२२३३०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,३३० |

७७ **शिर्षक फरक पारी खर्च लेखेको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।त्यस्तै, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा २८ मा प्रचलित कानून बमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि प्रयोग गर्नुपर्ने व्यवस्था छ। पालिकाले संघिय शसर्त बाट प्राप्त अनुदान अनिवार्य दायित्वका शिर्षक समेत बाट देहायका अन्न खर्च गरेको देखिन्छ।पालिकाले निम्न खर्च संघिय संञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.

| भौ.नं र मिति | शिर्षक | वापत | रकम |
|---|---|---|---|
| ८७/२०८०।९।१९ | स्थानीय तह स्वास्थ्य शाखा,स्वास्थ्य चौकी,प्राथमिक स्वास्थ्य केन्द्र,अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरबन्दी अनुसारको तलव,महंगी भत्ता र पोषाक भत्ता | मोबाईलखरिद | ६०००० |
| १०८/२०८०।१०।१५ | | मोबाईलखरिद | ५७००० |
| ११६/२०८०।११।०१ | | ल्यापटपखरिद | ९३६०० |
| **जम्मा** | | | **२१०६००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,१०,६०० |

७८ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिकामा रहेका ५१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.स | विद्यालय | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्तिमध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | मा.वि/उ.मा.वि तह | २० | २० | १५ | ९५१ |
| २ | नि.मा.वि तह | २० | २० | १५ | १३२३ |
| ३ | प्रा.वि तह | १३३ | १३३ | ५२ | २७५२ |
| **जम्मा** | | **१७३** | **१७३** | ८२ | **५०२६** |

अत: विद्यार्थीको संख्याका आधारमा शिक्षकको पदपूर्ति हुनुपर्दछ।

७९ **विद्यालयको अनुगमन नियमन व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण,अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धी कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय सम्बन्धि मापदण्ड तयार गरेको छैन।जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

८० **दिवा खाजा**

दिवा खाजाः कार्यक्रम कार्यान्वियन पुस्तिका आ.व. २०८०।८१ मा विद्यालयगत तथ्याङ्कका आधारमा विद्यालयहरुलाई बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु. १५ का दरले विद्यालयलाई अनुदान दिने र विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र थप अनुदान दिने व्यवस्था छ।पालिकाले IEMIS मा प्रविष्ट तथ्याङ्क तथा प्रमाणीत हाजिरी लाई आधार मानि कक्षागत विद्यार्थीहरुको दिवा खाजा व्यवस्थापन वापत रु.७२ लाख ३९ हजार ९६० निकासा गरेको छ ।पालिका बाट IEMIS रेकर्डको आधारमा निकासा दिएपनि सबै विद्यालयले दैनिक हाजिरी तथा खर्चको विल भरपाई पेश गरेका छैनन् ।पालिका बाट दैनिक हाजिरी तथा खर्चको विल भरपाई समेतका आधारमा वास्तविक विधार्थी संख्यालाई दिवा खाजा खुवाए/नखुवाएको एकिन भएको अनुगमन पेश भएको छैन। अतः पालिकाले अनुगमन गरी, प्रमाणित हाजिरी पुस्तिका पेश गर्न लगाई हाजिर भएका वास्तविक विधार्थी संख्यालाई दिवा खाजा खुवाए/नखुवाएको एकिन गरी हाजिरी भन्दा वढी विद्यार्थीलाई निकासा भएको रकम विद्यालयबाट फिर्ता गर्नुपर्दछ।

बढी निकासा : निम्न विद्यालय मध्ये केही विद्यालयमा कार्यक्रम पुस्तिका वेगर कक्षा ६ का विद्यार्थीलाई पहिलो त्रैमासिकमा दिवाखाजाको रकम निकासा भएको तथा प्रमाणित हाजिरी बमोजिम वढि निकासा भएको उक्त रकम सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.

| क्र.स | विद्यालय | निकासा | भरपाई | बढी निकासा | कैफियत |
|---|---|---|---|---|---|
| १ | खड्गदेवी आ.वि,हल्दे | ५९९४० | ५४२९० | ५६५० | |
| २ | जनता प्रा. वि,जुगेना | ९३२४० | ८२८१० | १०४३० | |
| ३ | शारदा आ.वि,प्याङ | १५८७६० | १५७५०० | १२६० | |
| ४ | ज्ञान ज्योती मा.वि,सुकेताल | १३३५६० | ८५१०५ | ४८४५५ | |
| ५ | नेपाल राष्ट्रिय आ.वि,तारिके | ७३६९५ | ५९४९० | १४२०५ | |
| ६ | शारदा आ.वि,मर्चेवारी | ८०६४० | ७१०४० | ९६०० | |
| ७ | ने.रा आ.वि,काल्वेडाँडा | १८९००० | १८४२६० | ४७४० | |
| ८ | सरस्वती आ.वि,सिमलपाखा | २७२१६० | २२१७६० | ५०४०० | कक्षा ६ को समेत |
| **जम्मा** | | | | **१४४७४०** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४४,७४० |

८१ **नि:शुल्क शिक्षा**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

८२ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा रोजगारीका पर्याप्त अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुर्‍याउने तथा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।यस कार्यक्रम अन्तर्गत पालिकामा ६ वटा योजना सञ्चालन गरी ७० जनालाई १०० दिनले रोजगारी उपलव्ध गराई रु.२९,०१,९३२/- श्रमिक ज्याला खर्च गरेको छ ।अनुसूची-३ मा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम एक सय दिनको रोजगारी उपलब्ध गराउनुपर्ने व्यवस्था भएपनि पालिका अन्तर्गत छनोट भएका योजनामा अधिकतम १०० र न्यूनतम ५० दिन रोजगार पाएतापनि सुचिकृत भएका ४०५ व्यक्ति मध्ये ७० बाहेक ३३५ जनाले सय दिनको रोजगार प्राप्त गरेको देखिदैन।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

८३ **मुख्यमन्त्री रोजगार कार्यक्रम**

कर्णाली प्रदेशभित्र कामको सृजनागरी बेरोजगार युवालाई रोजगारी दिने उद्धेश्यले मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ जारी भई मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यविधि,

२०७८ अनुसार पालिकामा ७ वटा योजना सञ्चालनमा विनियोजित रु. १ करोड ५ लाख मध्ये रु.९६ लाख ४४ हजार ३ सय खर्च भएको छ। सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छनः

८३.१ **सार्वजनिक लेखापरीक्षण** - मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा १४ बमोजिम आयोजना कार्यन्वयन गर्ने निकायले अन्तिम भुक्तानी गर्नुपूर्व आयोजनाको लागत, प्रगति विवरण, खर्चका बिल भरपाई, श्रमिकको नाम, प्राप्त रकम र खर्च विवरण लगायतका विषयको सार्वजनिक लेखापरिक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सञ्चालित आयोजनाहरुको निर्देशिका बमोजिम सार्वजनिक लेखापरीक्षण गराएको छैन । कार्यविधिले तोकेका सुचकहरु समावेश गरी सार्वजनिक लेखापरीक्षण गर्नुपर्दछ ।

८३.२ **रोजगारी स्थिति** - कार्यविधिको परिच्छेद-३ (६) मा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्यालामा खर्च गरी श्रमिकको बैंक खातामा निकासा गर्नुपर्ने व्यवस्था छ।कार्यक्रममा छनोट भएका प्रतिवडा १ आयोजनाका दरले ७ वटा कार्यक्रममा श्रमिक ज्याला रु.५३,७७,५२२।– तथा सामाग्री खरिदमा रु.४२,६५,८०६।– खर्च भएको छ । पालिका अन्तर्गत छनोट भएका योजनामा अधिकतम १२९ दिन र न्यूनतम ३५ दिन मात्र श्रमिकले रोजगार पाएको देखिन्छ । सुचिकृत भएका व्यक्ति ४०५ जनाले एक सय दिनको रोजगार प्राप्त गरेको देखिदैन । ७ वटा कार्यक्रम सम्पन्न गर्न सुचिकृत भएका १२८ जना श्रमिकले रोजगारी प्राप्त गरेका छन । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

८४ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(३) र (४) बमोजिम पालिकाले जिन्सी निरीक्षण प्रतिवेदन तालुक कार्यालयमा पठाएपछि सोको सम्बन्धमा कुनै निर्देशन पठाएमा सो समेत बिचार गरी लिलाम बिक्री गर्नुपर्ने सामान ६ महिनाभित्र र मर्मत सम्भार गर्नुपर्ने भए ३ महिनाभित्र लिलाम बिक्री वा मर्मत सम्भार गरिसक्नुपर्ने उल्लेख छ ।यस पालिकाले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत गर्नुपर्ने भनी उल्लेख गरिएकोमा निम्न जिन्सी मालसामानहरु लेखारीक्षणको क्रममा मर्मत गरेको पाइएन।अत: जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत गर्नुपर्ने भनी उल्लेख गरिएका सामानहरु समयमै मर्मत गरी प्रयोगमा ल्याउनु पर्दछ।

| **विवरण** | **मर्मत गर्नुपर्ने संख्या** |
|---|---|
| स्कुटर | १ |
| मोटरसाइकल, | ७ |
| डेस्कटप कम्प्युटर | १० |
| ल्यापटप | १५ |
| प्रिन्टर | १० |
| फोटोकपी मेशिन | ५ |
| जेरेनेटर | १ |
| पंखा | ५ |

८५ **सवारी साधन नविकरण जरिवाना**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड,२०७८को दफा ९ को उपदफा (१) अनुसार सरकारी खर्चको मितव्ययी र उपलब्धिपुर्ण तरिकाले खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले सवारी साधनको समयमै सवारी नविकरण गरेको देखिदैन। सवारी नविकरण नगर्दा थप आर्थिक भार पर्ने देखिन्छ समयमा सवारी साधन नविकरण नगरेका कारण थप भुक्तानी गर्नु पर्ने जरिवाना वापतको रकम नियमसम्मत हुदैन ।

८६ **राजश्व दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ को उपदफा(१)बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा सोको भोलिपल्ट दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ। पालिकाले अर्न्तगतका ७ नं वडा कार्यालयले राजस्व सुत्रबाट बाट भौचर काटिएको रकम रु.४,६३,८७०।६२ मध्ये रु.४,४९,४४००।६२ बैङ्क दाखिला गरेको देखिन्छ। बैङ्क दाखिला घटी गरेको रकम रु.१४,३४०।- राजश्व दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,३४० |

८७ **मुल्य अभिवृद्धि कर समायोजन**

सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२४(२) मा निर्माण व्यवसायीले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात र अर्थ मन्त्रालयको पत्र संख्या २०६९/७० च.नं. ३६९ मिति २०६९/६/१७ को परिपत्र बमोजिम मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाणपत्र पेश गरेपछि मात्र धरौटी फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नअनुसार धरौटी फिर्ता गर्दा मूल्य अभिवृद्धि कर समायोजन नलिई फिर्ता गरेकोले मूल्य अभिवृद्धि कर समायोजन पेश गर्नुपर्ने रु.

| **गो.भौ.नं./मिती** | **निर्माण व्यवसायी** | **फिर्ता रकम** |
|---|---|---|
| ३।२०८०।०५।२४ | गाल्वा निर्माण सेवा (३००६३८९७) | ९५११७० |
| ८।२०८०।९।१९ | डि सी निर्माण सेवा (६१५५२०४१२) | ३०००० |
| ९।२०८०।११।१८ | जुनकिरी इण्डट्रीज प्रा लि(३००३००२४) | ५९४१७ |
| **जम्मा** | | **१०४०५८७** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,४०,५८७ |

८८ **सामाजिक सुरक्षा भत्ता**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद-२ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्यक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय तहको हुने व्यवस्था छ ।पालिकाले यस वर्ष सामाजिक सुरक्षा भत्ता वितरण गर्दा देखिएका व्यहोरा देहायअनुसार छन्।

८८.१ **भुक्तानी बाँकी रकम:** पालिकाले यस वर्ष सामाजिक सुरक्षा भत्ता वितरणका लागि पहिलो, दोस्रो, तेस्रो र चौथो त्रैमासिक किस्ता वापतको कुल रकम रु.८,७९,६८,३९१।- विद्युतीय भुक्तानी प्रणालीमार्फत लाभग्राहीको खातामा पठाईएको छ। लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरणको लागि बैकमा पठाईएको रकम मध्ये रु. ३९,६३१/- वितरण नभई बाँकी रहेको पाइएकोले उक्त रकम संघीय संचित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३९,६३१ |

८८.२ **विवरणको समिक्षा:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद- ७ दफा ३१ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित गाउँसभामा पेश गर्नुपर्ने, स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था छ।पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी यस कार्यविधि बमोजिमको समिक्षा गरेको पाइएन।कार्यविधिको पालना गर्नेतर्फ कार्यलयले ध्यान दिनुपर्दछ।

८८.३

**अभिलेख अद्यावधिक :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१) मा उल्लेखित समयावधि भित्र सम्बन्धित पालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ।सो कार्यविधिको ५ को उपदफा २ मा यसरी नविकरण नगर्ने लाभग्राहिले पछिल्लो आवमा भत्ता नपाउने उल्लेख गरेकोमा यस पालिकाले सोको परिपालना गरेको पाइएन । मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ । सो सम्वन्धी विवरण अध्यावधिक गरेको पाईएन।तसर्थ भत्ता पाउनेको विवरण अध्यावधिक गरेर मात्र भत्ता वितरण गर्न तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : कालीमाटी गाउँपालिका, सल्यान , कालिमाटी गाउँपालिका , सल्यान

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | krishna Prasad Paudyal | २०७९-११-२१ | २०८१-६-८ |
| कार्यालय प्रमुख | हर्क बहादुर वली | २०८१-६-८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Eka Lal Rana | २०७८-१०-९ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,००१,२२० | ४,५०५,६६५ | २,६५७,१३५ | ० | ० | १७५,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ८,३३९,०२० |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ५२१,८६० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ७,८१७,१६० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १५३३४९३०.२ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २७३९९७३४९ | चालु खर्च | २९५१९०८३७ |
| प्रदेश सरकारबाट अनुदान | २८९१९६५९ | पूँजीगत खर्च | ९७३०२८८३.३३ |
| राजश्व बाँडफाँट | ९६१४३२१९.८ | वित्तीय/अन्य व्यवस्था | ११०२७७०६७.५९ |
| आन्तरिक आय | ७३१३१०९.४७ | | |
| अन्य आय | ९६६७०२५२.५२ | | |
| कुल आय | ५०३०४३५८९.७९ | कुल खर्च | ५०२७७०७८७.९२ |
| बाँकी मौज्दात | | १५६०७७३२.०७ | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोभैै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा

अभिलेख राख्नुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।

- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।